# पहिलो परिच्छेद
# शोधपरिचय

## १.१ शोधशीर्षक

यस शोधपत्रको शीर्षक **उत्तरवर्ती चरणका नेपाली उपन्यासको विवरण** (२०३६-२०६६) रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

यस शोधकार्यको प्रयोजन त्रिभुवन विश्वविद्यालय, मानविकी तथा समाजिकशास्त्र सङ्कायअर्न्तगत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह द्वितीय वर्षको दशौँ पत्रको आवश्यकता पूरा गर्नु रहेको छ ।

## १.३ विषयपरिचय

नेपाली साहित्यको लिखित इतिहास त्यति लामो छैन । बढीमा दुई - अढाई सय वर्ष मानिए पनि यसको व्यवस्थित लेखनको समयावधिलाई हेर्दा आधा आधा शताब्दी मात्र पुगेको देखिन्छ । समयको बित्दोक्रमसँगै यस क्रममा देखिएका विभिन्न मोड उपमोड तथा प्रवृतिलाई आधार मानी विभिन्न कालखण्डमा विभाजन गरी अध्ययन गर्ने परम्परा रहेको छ । वि.सं. १९९१ सालमा प्रकाशित **रुपमती** सँगै नेपाली उपन्यासमा आधुनिकताको प्रवेशको समयावधि मान्दा यसको विकासको चरणलाई पूर्वार्द्ध र उत्तरार्द्ध मानी समयावधिको निरूपन गर्न सकिन्छ । नेपाली उपन्यासको पूर्वार्द्ध चरण विषय एवम् प्रवृत्ति दुवै दृष्टिकोणले गहन रहेको छ । त्यस्तै उत्तरवर्ती चरणमा नेपाली उपन्यासको विकास झन् द्रुत गतिमा भएको छ । यस अवधिमा नेपाली उपन्यासले लिएको गति, यसको लेखन र प्रकाशनमा सङ्ख्यात्मक र गुणात्मक दुवै दृष्टिले पूर्ववर्ती चरणका तुलनामा उत्तरवर्ती चरण विशाल रहेको छ । उत्तरवर्ती चरणमा उपन्यासको यस प्रकारको फैलिएको विस्तृतिको व्यवस्थित अध्ययन हुन सकेको छैन । बग्रेल्ती रुपमा प्रकाशित भएका उत्तरवर्ती चरणका नेपाली उपन्यासहरूको विवरण प्रस्तुत गर्नु यस शोधकार्यको विषय हो ।

## १.४ समस्याकथन

यस शोधपत्रमा शोधशीर्षकसँग सम्बन्धित निम्न लिखित समस्या रहेका छन् :

क) उपन्यासको सैद्धान्तिक स्वरुप र नेपाली उपन्यासको विकासक्रम के-कस्तो रहेको छ ?

ख) नेपाली उपन्यास विधामा उत्तरवर्ती चरणमा के कति औपन्यासिक कृतिहरू प्रकाशित भएका छन् ?

ग) उत्तरवर्ती चरणका नेपाली उपन्यासको आयाम के कस्तो रहेको छ ?

## १.५ शोधकार्यको उद्देश्य

माथि उल्लिखित समस्या कथनसँग सम्बन्धित समस्यामा केन्द्रित यस शोधकार्यका निम्न लिखित उद्देश्यहरू रहेका छन् :

क) नेपाली उपन्यासको सैद्धान्तिक स्वरुप र नेपाली उपन्यासको विकासक्रम प्रस्तुत गर्नु ।

ख) नेपाली उपन्यास विधाका उत्तरवर्ती चरणका कृतिको विवरण प्रस्तुत गर्नु ।

ग) उत्तरवर्ती चरणका नेपाली उपन्यासको आयामको निरुपन गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

यस शोधपत्रको समस्यामा उल्लेखित विषयहरूको समग्र अध्ययन अहिलेसम्म भएको पाइन्न । समग्र रुपमा अध्ययन नभए पनि पुस्तकाकार कृतिहरू स्नातकोत्तर तहका शोधहरू, समीक्षात्मक कृतिहरू र फुटकर लेखहरू रहेका छन् । यस शोधपत्रसँग सम्बन्धित केही महत्वपूर्ण कार्य र समिक्षालाई यहाँ प्रस्तुत गरिएको छ ।

घटराज भट्टराईले नेपाली **लेखक कोश** (२०५६) मा विभिन्न लेखकहरूको परिचय र कृतिहरूको प्रकाशन वर्ष उल्लेख गरेका छन् । यसमा सम्पादकले उत्तरवर्ती चरणका उपन्यास र उपन्यासकारहरूको सामान्य विवरण प्रस्तुत गरेका छन् ।

कृष्णचन्द्रसिंह प्रधानले **नेपाली उपन्यास र उपन्याकार** (चौ.सं. २०६१) समालोचनात्मक पुस्तकको *नेपाली उपन्यासको उद्‌भव र विकास* शीर्षकमा नेपाली उपन्यासको विकास विभिन्न भाषाको प्रभावबाट विकसित भएको बताएका छन् । उनले नेपाली उपन्यासको आधुनिक काल वि.सं. १९९१ को **रुपमती**को प्रकाशनसँगै भएको उल्लेख गर्दै त्यसको केन्द्रीयतामा रहेर त्यसपछिको समयमा प्रकाशित महत्वपूर्ण उपन्यास र उपन्यासकारहरूको विवरण प्रस्तुत गरेका छन् ।

राजेन्द्र सुवेदीको **उपन्यास परम्परा र प्रवृत्ति** (दो.सं. २०६४) नामक समालोचनात्मक पुस्तकमा नेपाली उपन्यास विभिन्न वादलाई अँगाल्दै पछिल्लो चरणसम्म आइपुगेको उल्लेख छ । साथै नेपाली उपन्यास परम्परामा अघिल्लो र पछिल्लो चरणका केही उपन्यासको प्रवृत्तिगत विवरण प्रस्तुत गरिएको छ ।

कृष्णहरि बराल र नेत्र एटमले **उपन्यास सिद्धान्त र नेपाली उपन्यास** (ते.सं.२०६६) नामक समालोचना पुस्तकमा *नेपाली उपन्यासको विकासक्रम* शीर्षक मा आधुनिक काललाई

तीन चरणमा विभाजन गरी वि.सं. २०३६ पछिका उपन्यास समसामयिक तथा उत्तरवर्ती भएको कुरा उल्लेख गरका छन् ।

विष्णुप्रसाद ज्ञवालीले **समसामयिक नेपाली उपन्यास** (२०६७) समालोचनात्मक पुस्तकमा नेपाली उपन्यासको समसामयिक चरणको निरुपण गरेका छन् । साथै उक्त चरणका प्रमुख केही उपन्यास कृतिको प्रवृत्तिगत विवरण समेत प्रस्तुत गरेका छन्

## १.७ शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता

प्रत्येक वर्ष नयाँ आयाम र प्रवृत्तिका साथ देखापरेका उत्तरवर्ती चरणका नेपाली उपन्यासहरूको विभिन्न पुस्तक तथा पत्रपत्रिकाहरूमा सामान्य चर्चा भए पनि विस्तृत चर्चा हुन सकेको छैन । उत्तरवर्ती चरणका उपन्यास कृतिहरूको व्यवस्थित अध्ययन कतै फेला पर्दैन । यस चरणमा नेपाली उपन्यासको लेखन तथा प्रकाशन व्यापक हुन गइरहेको छ तर यसको औचित्यको पूर्ण व्यवस्थापन हुन नसक्दा यसको अध्ययनमा असहजता उत्पन्न भएको छ । यस शोधपत्रमा उत्तरवर्ती चरणका विभिन्न उपन्यासको विस्तृत विवरण प्रस्तुत गरिएको छ । तसर्थ, सम्पूर्ण उपन्यासको विवरण एक ठाउँमा संग्रह गरिएको हुँदा पाठक, समालोचक, अनुसन्धानकर्ता सबैका लागि सहयोगी हुने हुनाले यो शोधकार्य औचित्यपूर्ण र उपयोगी रहेको छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

साहित्यका विविध विधामध्येको एक प्रमुख विधाका रुपमा रहेको उपन्यासको क्षेत्र निकै विशाल रहेको छ । यसको विशालतम् आयामलाई यस शोधपत्रमा समेट्नु निक्कै कठिन छ । त्यसैले यस शोधपत्रमा उत्तरवर्ती चरण (वि.सं. २०३६ -२०६६) का नेपाल भित्रबाट र नेपाली भाषी बसोबास गर्ने भारतका केही स्थानबाट प्रकाशित औपन्यासिक कृतिहरूको विवरण यहाँ प्रस्तुत गरिएको छ । यही नै यस शोधकार्यको सीमा हो । साथै पुस्तकालयमा रहेको विवरण  तथा विभिन्न ग्रन्थमा उल्लेखित विवरणका आधारमा विवरण प्रस्तुत गरिएको छ ।

## १.९ सामग्री सङ्कलन र शोधविधि

यस शोधपत्रमा आवश्यक सामग्री संकलन गर्दा पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । संगठित सामग्रीलाई वर्णनात्मक तथा विवरणात्मक शोधविधिको प्रयोग गरी निष्कर्षमा पुग्ने काम गरिएको छ ।

## १.१० शोधपत्रको रुपरेखा

प्रस्तुत शोधपत्रलाई निम्नानुसार परिच्छेद र शीर्षकमा विभाजन गरी व्यवस्थित र सङ्गठित गरिएको छ ।

पहिलो परिच्छेद : शोध परिचय

दोस्रो परिच्छेद : उपन्यास सिद्धान्त र नेपाली उपन्यास परम्परा

तेस्रो परिच्छेद : उत्तरवर्ती चरणका नेपाली उपन्यासहरूको विवरण

चौथो परिच्छेद : निष्कर्ष

# दोस्रो परिच्छेद

# उपन्यास सिद्धान्त र नेपाली उपन्यास परम्परा

## २.१ परिचय

नेपाली भाषामा प्रयोग गरिने उपन्यास शब्द अङ्ग्रेजीको **नोबेल**को पर्यायवाची रुप हो । पाश्चात्य साहित्यजगत्मा उपन्यास विधाको विकासपछि यस शब्दले आधुनिक रुप ग्रहण गरेको पाइन्छ । उपन्यास शब्दको पूर्वीय व्युत्पतिलाई हेर्दा 'उप' र 'नि' उपसर्ग तथा 'अस्' धातु र 'घञ्' (अ) प्रत्ययको योगबाट बनेको हो । संस्कृत साहित्यमा उपन्यासलाई प्रसन्न गर्ने तथा कुशलतापूर्वक कुनै अर्थ प्रस्तुत गर्ने भनी उपन्यासको व्याख्या गरिएको छ । 'अस्' धातुबाट 'राख्नु' भन्ने अर्थबोध हुन्छ भने उपन्यास शब्दबाट नजिक राख्नु भन्ने अर्थ निष्पन्न हुन्छ । संस्कृतमा उपन्यास शब्दको प्रयोग अर्थको युक्तिपूर्ण प्रस्तुतीकरण प्रतिमुख सन्धिको एउटा भेद स्थापना गर्नु, प्रदर्शक वाक्य, आनन्द गराउने वाक्यका अर्थमा प्रयोग गरिएको पाइन्छ  भने आख्यानका रुपमा पनि गरिएको पाइन्छ,(बराल र एटम,२०६६:३) । प्राचीन पूर्वीय साहित्यमा उपन्यासको खास  अर्थ कथन, सुझाव, घोषणा, परिसंवाद, नियोजन, संकेत, निर्देशन आदि रहेको पाइन्छ (प्रधान,२०५२:पृ.८) । यसरी उप+ नि+ अस+ अ बाट बनेको उपन्यास शब्द नेपाली साहित्यको ललित गद्यसाहित्यको आख्यानात्मक प्रविधानलाई संकेत गर्नमा प्रवृत्त छ । आख्यान तत्त्व प्रवल भएको र जीवनका सत्य बिम्बलाई ग्रहणीय, मानवीय र अनुकरणीय बनाएर प्रस्तुत गरिने रचना विधानलाई उपन्यास नामकरण गरियो, (सुवेदी,२०६४ : १) ।

नेपाली साहित्यिक जगत्मा लोकप्रिय विधाका रुपमा रहेको उपन्याससँगै नजिकको साइनो गाँस्ने प्रकारका रचनाविशेषलाई संस्कृतमा **आख्यान** वा **आख्यायिका**का रुपमा व्याख्या र चर्चा गरिएको पाइन्छ तर संस्कृतबाट लिइएको भए पनि आज नेपालमा उपन्यास शब्दले आफ्ना पुराना अर्थहरूसँग भन्दा पनि अंग्रेजीको **नोबेल**सँग नजिकको सम्बन्ध स्थापित गर्न पुगेको देखिन्छ,(बराल र एटम, १०६६ : पृ ३) । **नोबेल** शब्द पाश्चात्य साहित्यिक परम्परामा पनि नयाँ समाचार, नयाँ घटना आदि विविध अर्थमा प्रयोग भएको देखिन्छ । अंग्रेजीमा मध्यकालीन रोमाञ्चकारी आख्यानहरू नै वढी प्रचलित थिए । सर्वप्रथम ग्रिक भाषामा रोमाञ्चक आख्यानहरूलाई **नोभेस** भनिन्थ्यो जसको अर्थ नयाँ भन्ने हुन्छ । समयानुक्रममा नोभे शब्द इटालेली भाषामा **नोभेला** भयो जसको अर्थ सत्यानुरुप काल्पनिक लघुकथा भन्ने

हुन्छ । पछि फ्रान्सेली भाषामा **नोभल** नाम धारण गरेपछि यसको अर्थ कथा हुन पुग्यो । यसरी पाश्चात्य जगतमा **नोबेल** शब्दले धेरै पछि मात्र आजको रुप ग्रहण गरेको हो । पश्चात्य जगतमा **नोबेल**को अर्थ नयाँ समाचार वा नयाँ घटना भए जस्तै उपन्यास पनि नयाँ घटना वा विधाका रुपमा प्रस्तुत भयो,(थापा,२०४७:१२०) । प्राचीन युग काव्यको र आधुनिक युग आख्यानको हो भन्दा अत्युक्ति हुँदैन । प्राचीन युग आदर्शको भएकाले त्यतिबेलाका मानिस आदर्श र नैतिक शिक्षा मन पराउँथे । तिलस्मी तथा जासुसी कथाहरूले उनीहरूलाई प्रभावित तुल्याउँथ्यो । बिस्तारै-बिस्तारै वैज्ञानिक आविष्कारले र संसारका सबैजसो देशमा राजनैतिक तथा सामाजिक परिस्थितिको परिवर्तनका कारण त्यसको प्रभाव साहित्यमा पर्न थाल्यो । अब संसारले पुरानो आर्दशमा मात्रै ध्यान नदिएर यथार्थको खोजीतर्फ लाग्यो । व्यक्ति तथा समाजको चित्रण गर्नु तथा भावना, चाहना र कामनाको वास्तविक चित्र उतार्न साहित्यको काम हुन थाल्यो । यसैको फलस्वरुप उपन्यास विधा र यसमा विविध प्रयोग हुन थाल्यो ।

मानवीय विचार विनिमयको सशक्त माध्यम भाषा हो र भाषाकै माध्यमबाट गरिने प्रकृतिको कलात्मक अनुकरण साहित्य हो । मानवीय जीवनको घटनाक्रमहरूलाई कथानकको अन्वितिद्वारा साहित्यिक चित्रण गर्ने गद्यात्मक अभिव्यक्ति नै उपन्यास हो । उपन्यास आफ्नो विगतदेखि वर्तमानसम्म आइपुग्दा विभिन्न मोड र प्रवृति एवम् धाराहरू अंगाल्दै आजको आधुनिक युगसम्म आइपुगेको छ । आधुनिक अवस्थामा आइपुग्दा यसले मानव जीवनका यथार्थ घटनालाई वा मानव जीवनका यथार्थ भोगाइलाई आफ्नो विषयवस्तु बनाउने गरेको छ । समाजको यथार्थ घटनालाई चित्रण गर्दै आगामी सुखद जीवनको मार्ग निर्देशनात्मक कार्य पनि यसले गरेको छ ।

## २.२ उपन्यासको परिभाषा

आधुनिक साहित्यमा उपन्यास एउटा नयाँ छुट्टै विधाका रुपमा स्थापित भएको छ । प्राचीन साहित्यमा उपन्यासको कथा, कहानी, खिस्सा, टिप्पणीमूलक समाचार जे अर्थ लागे पनि आधुनिक साहित्यमा यसले आफूलाई छुट्टै तरिकाले अर्थ्याएको छ । उपन्यासलाई परिभाषाका दृष्टिले निश्चित सीमामा बाधेर हेर्न नसकिए पनि उपन्यासको स्वरुप निर्धारण गर्न विभिन्न विद्वान्हरूले विभिन्न प्रकारका परिभाषा दिएका छन् । तिनै परिभाषाका माध्यमबाट उपन्यास के हो भन्ने कुरा बुझ्न सजिलो पर्दछ ।

**न्यू इङ्गलिस डिक्सनरी**ले उपन्यासलाई यसरी परिभाषित गरेको छ :

"बृहत आकार भएको गद्याख्यान अथवा वृतान्त जसअन्तर्गत वास्तविक जीवनको प्रतिनिधित्व गर्ने पात्र, चरित्र, कार्यको कथनका आधारमा चित्रण गरिएको हुन्छ"(सिम्सनर र अन्य,१९८९:१४४) ।

**अक्सफोर्ड एड्भान्स लर्नर्स डिक्सनरी अफ करेन्ट इङ्लिस**ले उपन्यासलाई यसरी परिभाषित गरेको छ :

"त्यस्तो लामो आख्यानात्मक गद्य कृतिलाई उपन्यास भनिन्छ, जहाँ काल्पनिक वा ऐतिहासिक चरित्रहरू हुन्छन्"(हनवी,१९९३:८८५) ।

**क्याम्ब्रिज इन्साइकलोपिडिया**ले उपन्यासलाई यसरी परिभाषित गरेको छ :

"बृहत् र बृहत्तर आख्यानात्मक रचनाको प्रस्तुति उपन्यास हो । बोकासियोको डेकामेरोन, सवर्वन्तेजको डनाकजोट जस्ता बृहत कथाका रचनाहरू उपन्यास हुन"(सिरटि र अन्य,१९००:३१४) ।

**बृहत नेपाली शब्दकोश**ले उपन्यासलाई यसरी परिभाषित गरेको छ :

"धेरै अध्याय र खण्डहरूमा लेखिने साहित्यिक कथा वा चरित्रप्रधान गद्य महाकाव्य नै उपन्यास हो"(पोखरेल र अन्य, २०४०:१५२) ।

**नेपाली शब्द सागर**ले उपन्यासलाई यसरी परिभाषित गरेको छ :

"काल्पनिक पात्रका जीवनका हरेक अंगमा विस्तृत जानकारी प्रस्तुत गर्ने गद्याव्यान नै उपन्यास हो" (शर्मा,२०६१:१७५) ।

**कृष्णचन्द्रसिंह प्रधान**ले दिएको उपन्यासको परिभाषा यस्तो रहेको छ :

"उपन्यास जीवन र जगतप्रति नै एक विहङ्गम दृष्टि हो, जसलाई बुझ्ने, केलाउने र चित्रण गर्ने प्रयत्न अत्यन्त यथार्थिक हुन्छ । यथातथ्यको उद्घाटन मात्र नभएको यो एक सम्पूर्ण जीवित मनुष्यको संसार हो",(प्रधान,२०५२:१) ।

**राजेन्द्र सुवेदी**ले दिएको उपन्यास सम्बन्धी परिभाषा यस्तो देखिन्छ :

"पूर्वापर तारतम्यमा सुसम्बद्ध गरेर लेखिएका र मानव जीवनसँग सम्बद्ध भएर आउने पक्षलाई जतिसम्म समेट्न सकिन्छ त्यतिसम्मको अनुवीक्षण गराउने आख्यानात्मक रचनालाई उपन्यास भनिन्छ"(सुवेदी,२०६४:.१०)।

**मोहनहिमांशु थापा**ले उपन्यासलाई यसरी परिभाषित गरका छन् :

"उपन्यास गद्यमा लेखिएको त्यो विधा हो, जसमा मानव जीवनको विस्तृत पक्ष र सम्बद्ध परिवेशको प्रस्तुति भएको हुन्छ"(थापा,२०४७:१२२) ।

**इन्द्रबहादुर राई**को उपन्यास सम्वन्धी परिभाषा यस्तो रहेको छ :

"यथार्थसँग परिचायन, सत्यको सन्धान, मूल्यको संरक्षण, जीवन वैविध्यमाथि एकरुपता प्रदान, जीवन शिक्षण, व्यक्तित्वको पुनरान्वेषण र मानवताको प्राप्ति उपन्यासको प्रमुख दायित्व हुन्"(राई,२०५८:२९१) ।

**कृष्णहरि बराल र नेत्र एटम**ले उपन्यासको परिभाषा यसरी दिएका छन् :

"मानव र मानव समाजसँग सम्बन्धित विविध सत्यलाई कलात्मक रुपमा अभिव्यक्त गर्ने आवश्यक लम्वाई भएको गद्याख्यानलाई उपन्यास भनिन्छ"(बराल र एटम,२०६६:९) ।

**दयाराम श्रेष्ठ**ले उपन्यासको परिभाषा यसरी दिएका छन् :

"बहुविधा संरचनात्मक एकाइद्वारा हरेक अंग परस्परमा शृङ्खलबद्ध भई निश्चित मूल्य प्राप्त गरेको तथा व्यापक परिधिको समय र स्थानभित्र विस्तारित भएको कथात्मक गद्यलाई उपन्यास भनिन्छ"(श्रेष्ठ,२०४०:९४) ।  यसरी विभिन्न विद्वान्हरूले उपन्यासका सन्दर्भमा दिएका परिभाषालाई केलाउँदा उपन्यासलाई निम्न लिखित बुँदाहरूमा चिनाउन सकिन्छ :

१. उपन्यास गद्याख्यानात्मक कृति हो ।
२. यसले बृहत् स्वरुप समेटेको हुन्छ ।
३. उपन्यास परस्परमा शृङ्खलाबद्ध हुन्छ ।
४. यसले मानव जीवनको विस्तृत वर्णन र विश्लेषण गर्दछ ।
५. वास्तविक जीवनलाई काल्पनिक यथार्थमा ढालेर उपन्यास लेखिएको हुन्छ ।
६. मानव जीवनको यथार्थको प्रस्तुतीकरण गर्दै उपन्यासमा मानवीय भावनालाई कलात्मक रुपमा अभिव्यक्त गरिएको हुन्छ ।
७. साहित्यका विधामध्ये उपन्यासले सबैभन्दा यथार्थ र विस्तृत ढङ्गबाट जीवनको व्याख्या, अन्वेषण र विश्लेषण गर्दछ ।

यस प्रकार विद्वान्हरूका यी परिभाषाहरूलाई विचार गरेर हेर्दा प्रायः सबैले विस्तृत आख्यान, गद्यात्मक भाषा, जीवन र जगत्को यथार्थ अनुकरण वा वास्तविक जीवनको प्रतिनिधित्व गर्न सक्ने कार्य वा पात्रहरूको वर्णनलाई नै उपन्यास मानेका छन् । उपन्यासमा वस्तु र शैली दुबैको उत्कृष्ट संयोजन गरिएको हुन्छ । तर आधुनिक समयमा यी सम्पूर्ण परिभाषाहरू उपयुक्त हुन्छन् भन्न सकिँदैन । साहित्यमा आएको नौलो प्रयोगको प्रभाव उपन्यासमा पनि परेको छ । हाल उपन्यासको प्रयोगमा आएको विधात्मक भञ्जन, अउपन्यास, अधिउपन्यास जस्ता उपन्यासलाई यी परिभाषाले समेट्न सक्दैनन् ।

यी सबै विद्वान्हरूका भनाइको निचोड निकालेर उपन्यासलाई यसरी परिभाषित गर्न सकिन्छ :

**जीवन र जगत्का वास्तविक र यथार्थ पक्षलाई कलात्मक भाषाशैलीका माध्यमबाट प्रस्तुत गरिने आवश्यक लम्बाइ भएको गद्याख्यानात्मक रचनालाई उपन्यास भनिन्छ ।**

## २.३ उपन्यासका तत्त्वहरू

कुनै पनि वस्तुको निर्माणका लागि निश्चित तत्त्वहरू वा अङ्गहरूको आवश्यकता पर्दछ । पूर्वीय विद्वान्हरूका धारणमा कुनै पनि प्रबन्धात्मक कृतिको निर्माणमा वस्तु, नेता र रस आवश्यक हुन्छन् । पाश्चात्य विद्वान्हरूमा एरिस्टोटलले कथावस्तुलाई नै दुःखान्त वा अन्य प्रबन्धात्मक रचनाको मूलतत्व मानेका छन् । यसरी परापूर्व कालदेखि नै पूर्व र पश्चिम दुबैतिर प्रबन्धात्मक काव्यको मूलभूत तत्वका बारेमा चर्चा हुँदै आएको पाइन्छ । उपन्यास विधाको विकासपछि यस विधाको संरचनाका मूल तत्त्वहरूका सम्बन्धमा व्यापक अध्ययन र विश्लेषण हुँदै आइरहेको छ ।

उपन्यासका तत्त्वहरूका सम्बन्धमा नेपाली विद्वान्हरूले आ-आफ्ना धारणाहरू दिएको पाइन्छ । कृष्णचन्द्रसिंह प्रधानले कथानक, चरित्र, कथोपकथन, शैली, भाषा, वातावरण र उद्देश्य जस्ता उपन्यास संरचनाका आधारभूत तत्त्व उल्लेख गरेका छन् । राजेन्द्र सुवेदीले वस्तु, कथोपकथन, द्वन्द्व, परिवेश, विचार, कौतूहल र दृष्टिबिन्दुलाई उपन्यासका मूलभूत तत्त्व भनेर उल्लेख गरेको पाइन्छ । त्यस्तै ऋषिराज बरालले उपन्यास संरचनाका मूलभूत तत्त्व भनेर कथानक, चरित्र, विचार, दृष्टिबिन्दु, भाषाशैली र परिवेशको उल्लेख गरेको देखिन्छ भने कृष्णहरि वराल र नेत्र एटमले कथानक, चरित्र र चरित्रचित्रण, पर्यावरण, दृष्टिबिन्दु, सारवस्तु, भाषा, प्रतीक र बिम्ब तथा गति र लय गरी आठ तत्त्व उपन्यासका तत्त्वहरूको रुपमा उल्लेख गरेको पाइन्छ ।

उपन्यासका आवश्यक तत्त्वहरूका सम्बन्धमा विद्वान्हरूमा केही फरक मत पाइए पनि यसका निम्न मूलभूत तत्त्वहरू प्रस्तुत गर्नु युक्तिसङ्गत र सान्दर्भिक देखिन्छ :

क. कथानक / कथावस्तु

ख. पात्र / चरित्रचित्रण

ग. परिवेश / देश, काल र वातावरण

घ. संवाद / कथोपकथन

ङ. भाषाशैली

च. उद्देश्य

छ. सारवस्तु/ विचार तत्त्व

ज. द्वन्द्व

झ. दृष्टिबिन्दु

## २.३.१ कथानक/कथावस्तु

सम्पूर्ण आख्यानात्मक साहित्यको मेरुदण्ड कथावस्तु हो । कथावस्तु भनेको घटना शृङ्खला हो । कथावस्तु चयन, पूर्ण, सम्भाव्य, विश्वसनीय र प्रभावोत्पादक हुनुपर्दछ । कथावस्तुको निकै भेदोपभेद मानिएको छ । जसमध्ये कौतुक, आकस्मिकतायुक्त र जटिल कथावस्तुलाई श्रेष्ठ मानेको देखिन्छ,(त्रिपाठी,२०४८:पृ.४४) । कथानक भनेको उपन्यासमा घट्ने घटनाहरूको योजनाबद्ध ढाँचा हो । यसमा आउने घटनाहरू वा क्रियात्मक समूह शृङ्खलाबद्ध भई प्रामाणिक र सन्तुष्टि दिनसक्ने भएमा त्यस्तो कार्यकारण न्यायोचित मानिन्छ । कथानक उपन्यासको मूल ढाँचा निर्माण गर्ने प्राथमिक तत्त्व हो, जसमा चरित्र, बुद्धि, कल्पना आदि कुराहरू समाविष्ट हुन्छन्, (बराल र एटम,२०६६:पृ.२२) । कथानकहरूलाई कार्यकारणहरूको तारतम्यपूर्ण सूत्रबद्ध स्वरुप वा घटनाको सङ्गठन भन्न सकिन्छ, जसको जम्माजम्मीमा उपन्यासको आकृति खडा हुन्छ,(प्रधान,२०५२:पृ.७) ।
पात्रहरूको गतिविधि र क्रियाकलापबाट उत्पन्न हुने विविध घटनाहरूको सुसङ्गठित रुपमा छरिएका घटनाहरूलाई कथावस्तुले पारस्परिक सम्बद्वता र सार्थकता दिन्छ । कथावस्तुमा कारण र कार्य प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा परिणाम अभिव्यक्त भई घटनाहरूले गति र सङ्गति प्राप्त गर्दछन् ।

नाटकमा झैं उपन्यासमा पनि कथावस्तुलाई प्राणका रुपमा धेरै विद्वान्हरूले लिएका छन् तर आजभोलि कथावस्तुविहीन उपन्यासहरूको रचना गर्ने गरिएको देखिन्छ । कथानकका सट्टा चरित्रलाई प्रधानता दिएर लेखिएका चरित्रप्रधान उपन्यासहरूमा समेत कथानक विद्यमान रहेको हुन्छ । मूलत : कथानक पात्र, देश, काल र वातावरणमा घटेका विविध घटनाहरूको कार्यकारणबीचको शृङ्खलात्मक अभिव्यक्ति हो । एरिस्टोटलले कथानकलाई 'आरम्भ, मध्य र अन्त्य वा उपसंहार' गरी तीन भागमा विभाजन गरेका छन् । उनले आरम्भमा एउटा जटिल समस्याका साथ मूल घटनाक्रम प्रारम्भ भई मध्यभागमा त्यसले अझ व्यापकता र बिस्तार पाएर चरमोत्कर्षतिर उन्मुख भएपछि अन्त्य वा उपसंहारमा सपस्याको समाधान हुँदै अन्तिम परिणति प्राप्त हुन्छ भनेका छन् ।

उपन्यासमा कथावस्तु विभिन्न स्रोतबाट लिइएको हुन्छ । सामाजिक, राजनीतिक, ऐतिहासिक, लोककथाश्रित, मिथकीय, स्वैरकल्पना आदि कुनै पनि स्रोतलाई अँगालेर त्यसमा घटित घटनाहरूका माध्यमबाट उपन्यासकारले आफ्नो उपन्यासको कथावस्तु सिर्जना गर्दछ । उपन्यासभित्र एउटा मूल कथा हुन्छ र त्यस कथासँग आश्रित भएर विभिन्न उपकथाहरू आएका हुन्छन् तथा ती उपन्यासका सहयोगी पात्रका क्रियाकलापसँग सम्बन्धित हुन्छन् तापनि उपन्यासको कथानकको निर्माणमा मूल कथा र उपकथा बीचको सहसम्बन्ध आवश्यक हुन्छ ।

आधुनिक समयमा उपन्यास रचना गर्दा उपन्यासकारले शृङ्खलात्मक कथावस्तु नलिएर विशृङ्खलित वा अन्तिम फलप्राप्ति नहुने बीचैमा टुङ्गिने खालको कथावस्तु लिएको पनि पाइन्छ । खास गरी विसङ्गतिमूलक वा प्रयोगवादी उपन्यासहरूमा कथानकसम्बन्धी परम्परित मान्यतालाई उपेक्षा गरिएको पाइन्छ । उपन्यासको कथावस्तुलाई विभिन्न दृष्टिकोणबाट निम्नानुसार विभाजन गरेको पाइन्छ ।

### २.३.१.१ कथातत्त्वका दृष्टिले कथावस्तुको वर्गीकरण

कथातत्त्व वा नायकको फलप्राप्तिका आधारमा कथावस्तुलाई दुई भागमा विभाजन गरिएको पाइन्छ :

**क) प्रधान वा मुख्य कथावस्तु**

उपन्यासको आरम्भदेखि अन्त्यसम्म व्याप्त भएको मूल कथा प्रधान कथावस्तु हो । यसको वरिपरि अन्य कथावस्तुहरू पनि रहन्छन् । उपन्यासले देखाउन खोजेको मूल विषयवस्तु र उद्देश्य यही प्रधान कथावस्तुमा निर्भर रहेको पाइन्छ ।

**ख) उप वा सहायक कथावस्तु**

मुख्य कथावस्तुको उद्देश्यलाई सहयोग पुचाउने उद्देश्यले राखिएको कथावस्तु सहायक कथावस्तु हो । बीचबाट सुरु भई बीचमै सकिने वा अन्त्यसम्म जाने यस्ता उपकथाले एकातिर मूल कथावस्तुलाई गतिशील बनाउँछन्  भने अर्कातिर उपन्यासका मूल पात्रका चरित्रमा प्रकाश पार्न मद्दत पुचाउँछन् ।

### २.३.१.२ सङ्गठनका दृष्टिले कथावस्तुको वर्गीकरण

सङ्गठनका दृष्टिले कथानकलाई निम्न दुई भागमा विभाजन गरिएको पाइन्छ :

### क) सुगठित वा विन्यस्त कथावस्तु

कार्यकारणको श्रृङ्खलामा आबद्ध कथावस्तु सुगठित कथावस्तु हो । यसमा घटनाहरू सुव्यवस्थित रुपले संयोजित भएर तार्किक बनेका हुन्छन्,(थापा,२०४७:पृ.१२५) ।

### ख) शिथिल वा अव्यवस्थित कथावस्तु

उपन्यासमा प्रयुक्त घटना, पात्र र प्रसङ्ग एक अर्कोसँग असम्बन्धित भएमा त्यो शिथिल कथावस्तु हुन्छ । अव्यवस्थित कथावस्तु खास गरी कथानकहीन उपन्यास वा अउपन्यासमा पाइन्छ ।

प्रस्तुतिका दृष्टिले कथावस्तुलाई कथात्मक, आत्मकथात्मक, पत्रात्मक र दैनन्दिनी ( दैनिकीमूलक) प्रस्तुतियुक्त कथावस्तु गरी चार प्रकारमा वर्गीकरण गर्न सकिन्छ । यी बाहेक उपन्यासको कथावस्तुलाई घटनाप्रधान, वातावरणप्रधान र चरित्रप्रधान गरी तीन भागमा, स्वरुपका आधारमा कथावस्तुलाई साहसिक (अभियान), नाटकीय, घटनाप्रधान र चरित्रप्रधान गरी चार भागमा विभाजन गर्न सकिन्छ भने विषयका आधारमा कथावस्तुलाई साहसिक, रोमाञ्चकारी, ऐतिहासिक, पौराणिक, सामाजिक, राजनीतिक, सांस्कृतिक, प्रेमविषयक आदि विभिन्न तरिकाले विभाजन गर्न सकिन्छ । कथानकको ढाँचा रैखिक र वृत्ताकारीय गरी दुई प्रकारको हुन्छ । कथानक पछाडि नफर्की वर्तमानबाट भविष्यतिरको यात्रा गर्ने उपन्यास रैखिक ढाँचाबाट निर्मित उपन्यास हो भने सरल रेखामा अगाडि नबढाएर पूर्वदीप्तिका माध्यमबाट क्रमबद्वतामा विचलन भई कथानक समाप्त भएको बिन्दुबाट प्रारम्भ हुने उपन्यास वृत्ताकारीय ढाँचाबाट निर्मित उपन्यास हो ।

## २.३.२ पात्र/ चरित्रचित्रण

जसरी मानिस शरीर मात्र भएर जिवित रहन सक्दैन उसमा प्राण चाहिन्छ, त्यस्तै उपन्यासको पनि पात्रविधान प्राण हो । पात्रबिनाको उपन्यास शव समान हुन्छ । सजीव र सशक्त पात्र सिर्जना गर्न सक्नु नै उपन्यास र उपन्यासकारको क्षमता हो । उपन्यासभित्र कुनै विशेषता बुझाउन व्यवस्थित रुपले प्रयोग गरिने मानव वा मानवेतर प्राणीलाई पात्र वा चरित्र भनिन्छ । उपन्यासलाई सजीव बनाएर कथानकलाई गतिदिने महत्वपूर्ण जिम्मेवारी पात्रको हुन्छ । त्यस्तै पात्रउपर नै स्रष्टा सबैभन्दा बढी निर्भर रहेको हुन्छ,(बराल र एटम,२०६६:पृ.३०) । उपन्यासमा समाविष्ट घटनाहरूलाई क्रियात्मक अन्विति दिने कार्य पात्रहरूले गर्दछन् । कथानकको लागि आवश्यक गर्ने उपकरणहरू क्रियाव्यापार र द्वन्द्वको प्रत्यक्ष सम्बन्ध पात्रसँग नै हुन्छ । उपन्यासकारले चरित्राङ्कनका क्रममा प्रत्यक्ष वा नाटकीय

कुनै पनि वा दुवै विधिलाई प्रयोग गर्न सक्छ । उपन्यासमा प्रयुक्त पात्रका आधारमा नै कथानकले सुसङ्गठित गति प्राप्त  गर्दछ । पहिलेका उपन्यासमा कथानकको प्रबलता हुन्थ्यो भने आधुनिक उपन्यासमा चरित्रलाई बढी जोड दिने प्रचलन बढेको छ । मानिसले जीवन र जगत्सितको सङ्घर्षमा भोग्नुपर्ने विभिन्न घात प्रतिघात वा क्रिया प्रतिक्रियाद्वारा नै पूर्णता र सजीवता प्राप्त गर्दछ । उपन्यासले यस्तै जीवन्त पात्रका माध्यबाट नै उसको चरित्र र समाज, जाति तथा संस्कृति आदिलाई स्पष्ट पार्ने काम गरेको हुन्छ । यसरी प्रयुक्त हुने पात्रहरू स्वतन्त्र, सक्रिय र सजीव भएमा उपन्यास पनि स्वभाविक र स्तरयि बन्न सक्छ । आजभोलिका आधुनिक उपन्यासमा समाजलाई नेतृत्व दिन नसक्ने घटना र परिस्थितिबाट आफैं थिचिन पुग्ने, असक्षम, अभागी र असफल पात्रलाई उपन्यासको नायक बनाई 'अनायक' चरित्रलाई राखिएको पनि देख्न सकिन्छ ।

उपन्यासमा प्रयुक्त पात्रहरूलाई विभिन्न किसिमले वर्गीकरण गर्न सकिन्छ :

## २.३.२.१ कार्य वा भूमिकाका आधारमा पात्रको वर्गीकरण

उपन्यासमा पात्रहरूले निर्वाह गरेका भूमिकाका आधारमा पात्रलाई दुई श्रेणीमा विभाजन गर्न सकिन्छ :

### क) प्रमुख पात्र

उपन्यासमा प्रयुक्त मूल कथासँग सम्बन्धित प्रधान पात्रहरूलाई प्रमुख पात्रका रुपमा लिइन्छ । यसअन्तर्गत उपन्यासका नायक-नायिका, प्रतिनायक-प्रतिनायिका तथा मूलकथामा केन्द्रीय भूमिका भएका पात्रहरूलाई लिन सकिन्छ ।

### ख) गौण पाात्र

उपन्यासमा प्रयुक्त प्रमुख पात्र बाहेक अन्य सम्पूर्ण पात्रहरू गौण पात्र हुन् । मूल कथानकलाई गति प्रदान गर्न बीच-बीचमा आउने छोटा-छोटा प्रसङ्गमा यस्ता पात्रहरू आउँछन् र त्यो प्रसङ्गको परिवर्तनसँगै गौण पात्रको भूमिका पनि समाप्त हुन्छ ।

## २.३.२.२ जीवनचेतनाका आधारमा पात्रको वर्गीकरण

### क) वर्गीय पात्र

निश्चित सामाजिक वर्गको भूमिका निर्वाह गरी त्यही वर्गको प्रतिनिधित्व गर्ने पात्र वर्गीय पात्र हो । वर्गगत भावनाको प्रधानता भएका र निश्चित वर्गीय सुख-दुःख, कठिनाइ र समस्या आदिको अभिव्यक्ति दिने पात्रहरू वर्गप्रधान हुन्छन् । वर्गप्रधान चरित्र भएका उपन्यासमा वर्गीय स्वार्थले महत्वपूर्ण भूमिका खेलेको हुन्छ ।

### ख) वैयक्तिक पात्र

आफ्नो निजी स्वाभाव वा वैशिष्ट्य तथा वैयक्तिकताको प्रतिनिधित्व गरी नवीन शैलीको सन्धान गर्ने पात्र वैयक्तिक हुन्छ । व्यक्तिको वैयक्तिक भावना र संवेदनालाई प्रश्रय दिएर उसको अदम्य इच्छा र आकाङ्क्षा प्रतिबिम्बित हुने गरी व्यक्तिलाई प्रधानता दिएर उपन्यासको रचना गरिएमा त्यस्ता चरित्रलाई वैयक्तिक पात्र भनिन्छ ।

## २.३.२.३ स्वभावका आधारमा पात्रको वर्गीकरण

### क) गतिशील चरित्र

उपन्यासका विविध गतिविधिहरूमा सक्रिय भूमिका भएका संवेद्य र सजीव वा संवेदनशील र क्रियाशील पात्रलाई गतिशील चरित्रअन्तर्गत राखिन्छ । कुनै परिस्थिति अनुसार बदलिन सक्ने, आफ्नो स्वाभाव सिद्धान्त र जीवनधारालाई परिवर्तन गरी सुहाउँदो बन्ने पात्र गतिशील पात्र हो ।

### ख) स्थिर चरित्र

उपन्यासका विभिन्न घटना र क्रियाकलापमा कुनै जीवन्त भूमिका नभएका र त्यस्ता घटना र क्रियाकलापले प्रत्यक्ष रुपमा कुनै असर नपार्ने अपरिवर्तनशील पात्रहरूलाई स्थिर पात्रअन्तर्गत राखिन्छ । परिस्थिति बदलिएर पनि उस्तै जीवन बिताउने र विचलन नआउने स्वभावको पात्र गतिहीन वा स्थिर हुन्छ ।

यसबाहेक उपन्यासका पात्रहरूलाई लिङ्गका आधारमा स्त्री र पुरुष, स्थानका आधारमा राष्ट्रिय र अन्तराष्ट्रिय, आसन्नताका आधारमा मञ्चीय र नेपथ्य, आबद्धताका आधारमा बद्ध र मुक्त, प्रवृत्तिका आधारमा अनुकूल र प्रतिकूल गरी विभाजन गर्न सकिन्छ । उपन्यासमा पात्रहरूको चरित्रचित्रण गर्दा तिनका आन्तरिक तथा बाह्य पक्षलाई यथार्थिक रुपमा विश्लेषण गर्नु आवश्यक देखिन्छ । उपन्यासमा कतिपय पात्रहरू प्रतीकका रुपमा मात्र समावेश गरिएका पनि हुन्छन् ।

## २.३.३ परिवेश/देश, काल र वातावरण

उपन्यासमा कुनै देश वा स्थानको परिप्रेक्ष्यमा कुनै निश्चित कालखण्डको जीवनको चित्रण गरिएको हुन्छ । उपन्यासमा पनि वस्तुता, सजीवता र विश्वासयोग्यता प्राप्तिका लागि समुचित देश, काल र वातावरणको सृष्टि गर्न सक्नुपर्दछ । वातावरणविहीन उपन्यासमा प्राण संचार हुन सक्दैन । उपन्यासमा पात्रहरूको कार्यकलाप गर्ने वा घटनाहरू

घट्ने स्थान, समय र त्यसको मानसिक प्रभावलाई परिवेश भनिन्छ,(उही,पृ.३६) । उपन्यासमा परिवेशले घटनाको प्रकृतिको आधार देखाउँछ भने उपन्यासलाई स्थान, समय र वातावरणको स्थिति निर्धारण पनि गर्दछ । उपन्यासमा सामाजिक, सांस्कृतिक, राजनीतिक, मानसिक, आर्थिक, धार्मिक आदि मञ्चीय परिवेशको महत्त्वपूर्ण भूमिका हुन्छ । उपन्यास प्रभावशाली र विश्वसनीय हुन परिवेश यथार्थपरक हुनु आवश्यक छ । परिवेशबिना उपन्यासकारले कथानकमा विश्वसनीयता, पात्रहरूमा यथार्थता र ऐतिहासिकतालाई सङ्गति प्रदान गर्न सक्दैन,(प्रधान, २०५२ :पृ.११) ।

वातावरणलाई बाह्य र आन्तरिक पक्षका दृष्टिले विभाजन गर्न सकिन्छ । बाह्य पक्षलाई भौतिक पक्षको संज्ञा दिन सकिन्छ । यस अन्तर्गत उपन्यासमा वर्णित समाज चित्रण र प्रकृति चित्रणलाई राख्न सकिन्छ । वातावरणको आन्तरिक पक्षमा पात्रको मानसिक पक्षको रुपमा लिन सकिन्छ,(थापा,२०४७:पृ.१४४) । वातावरणको आन्तरिक पक्षमा पात्रको मानसिकताको र यसको सुन्दरता र हार्दिकताको अभिव्यक्ति हुन्छ । आजभोलि उपन्यासको रचना गर्दा वातावरणको बाह्य पक्षलाई भन्दा बढी यसको आन्तरिक पक्षलाई महत्त्व दिने गरेको पाइन्छ । उपन्यासका पर्यावरणभित्रमान्छेका विधि, व्यवहार, जीवनवृत्तका उपाय र जीवन पद्धतिका मूल्यहरू प्रकट भएका हुन्छन्,(सुवेदी,२०६४:पृ.२३) । कुनै काम हुनका लागि उपयुक्त मानिएको स्थल वा कार्यपीठिका नै परिवेश हो ।

## २.३.४ संवाद / कथोपकथन

पात्रहरूको बीचमा आ-आफ्ना विचार, भावना र हर्ष-विषाद, उल्लास-विस्मय, करुणा-क्रोध आदि मनोरागहरूलाई व्यक्त गर्नका लागि हुने पारस्परिक वार्तालापलाई संवाद भनिन्छ, (उपाध्याय, २०४९ : १७१) । संवाद रोचक, कलात्मक, स्वभाविक, औचित्यपूर्ण र देशकाल परिस्थिति सुहाउँदो हुनुपर्दछ । उपन्यासमा कथ्य र चरित्रको समुचित प्रस्तुति कथोपकथनका माध्यमबाट व्यक्त हुन्छ । कथोपकथन नाटकीय तत्त्व हो, (सुवेदी, २०६४ : २३) । नाटकमा अनिवार्य तत्त्वको रुपमा हुने संवाद उपन्यासको पनि एक आवश्यक तत्त्वका रुपमा स्वीकार गरिन्छ ।

कथावस्तुको विकास, चरित्र-चित्रण र लेखकको आशय स्पष्ट पार्न संवादको सहायता लिइन्छ । वर्णित घटना र दृश्यहरूमा सजीवता ल्याउन मात्रै होइन, रोचकता र स्वभाविकता सृष्टि गर्नमा समेत संवादको भूमिका महत्त्वपूर्ण हुन्छ । संवादले उपन्यास गतिशील बनाएर पाठकको चरित्रसँग तादात्म्यताको सृष्टि गरी उपन्यासमा स्वभाविकता ल्याउन र पाठकलाई

रसानुभूति प्रदान गर्न मद्दत पुचाउँछ । संवाद योजनामा पात्रअनुसारको भाषा, भाव र द्वन्द्वात्मक परिस्थितिको स्वभाविकता सिर्जना हुनु आवश्यक छ । एउटा साधारण पात्रले बोल्ने उच्च स्तरको बौद्विक संवाद बोलेमा वा एउटा उच्च बौद्विक पात्रले अशिक्षित निम्न पात्रले बोल्ने जस्तै संवाद बोलेमा उपन्यासमा कृत्रिमता पैदा हुन्छ । तसर्थ स्वभाविक कथन, स्तरअनुसार क्रियाकलापको वर्णन, भाषामा सजीवता र संक्षेपीकरण, सरलतापूर्व अभिनय र मनोहर प्रस्तुतीकरण आदि संवादका लागि अपेक्षित आवश्यक गुण हुन् ।

## २.३.५ उद्देश्य

मानिसको प्रत्येक कार्यको उद्देश्य रहेको हुन्छ । उपन्यासकारले पनि कथावस्तु, पात्र र संवादका माध्यमबाट पाठक सामु आफ्नो जीवनदर्शन राखेको हुन्छ । प्रयोजनबिनाको कुनै पनि कार्य प्रभावशाली हुँदैन । प्रयोजनलाई अभिव्यञ्जक पाराले देखाउन सक्नुपर्छ । कृति पढिसकेपछि त्यसमा प्रयुक्त भावार्थ वा अभिप्राय नै उद्देश्य हो । उपन्यासमा समाविष्ट रहने केन्द्रीय वा आधारभूत विचार उद्देश्य हो । उपन्यासको उद्‌भवको बीज र उद्देश्य वा परिणति नै उद्देश्य हो । जसले लेखकको जीवनदर्शन प्रस्तुत गरेको हुन्छ । सिधै नीतिशास्त्रीय ढङ्गले उपदेशका रुपमा उद्देश्य प्रस्तुत गरियो भने त्यसले उपन्यासको कलात्मक मूल्य घटाउँछ । उद्देश्य स्थानीय र विश्वजनीन दुईमध्ये एक हुन सक्छ । कुनै देशकालमा सीमित रही सत्यको निरीक्षण स्थानीय उद्देश्यले गर्छ भने विश्वजनीन उद्देश्यले जीवनको साश्वत सत्यको खोजी गर्दछ । प्रयोजन बिनाको कल्पनाले औपन्यासिक स्वरुप लिन सक्दैन,( प्रधान,२०५२ : पृ.११) ।

उपन्यासमा खास गरी सामाजिक समस्या र वैयक्तिक जीवनका पक्षको विस्तृत अध्ययन हुने हुनाले त्यसमा चित्रित जीवन र समस्याहरू यथातथ्य वर्णन मात्र नभएर तिनीहरूले जीवनप्रति उपन्यासकारको कुनै विशिष्ट दृष्टिकोणलाई नै प्रकट गरिहेका हुन्छन्,( उही,११) । यसरी हेर्दा उपन्यासभित्र जीवन हुन्छ र जीवनलाई हेर्न लेखकीय दृष्टिकोण यहाँ प्रतिबिम्बित भइरहेको हुन्छ । उपन्यासमा लेखकको जीवनप्रतिको दृष्टि दुई रुपमा अभिव्यक्त भएको हुन्छ - १) विश्लेषणात्मक र २) नाटकीय, (थापा, २०४७ : १४८) । विश्लेषणात्मक विधि प्रत्यक्ष विधि हो, जसमा लेखकको टिप्पणी र विश्लेषण विश्लेषणात्मक विधिद्वारा अभिव्यक्त हुन्छ र यसमा लेखकको उद्देश्यलाई प्रत्यक्ष रुपमा उपन्यासमा विश्लेषण गरिएको हुन्छ । उपन्यासमा प्रयुक्त संवाद, घटना, परिवेश र औपन्यासिक अन्त्य वा परिणामको आधारमा उद्देश्य प्रकट भएमा त्यसलाई नाटकीय वा अप्रत्यक्ष विधि भनिन्छ र यसमा पात्र,

घटना र कथ्य आदिको माध्यमद्वारा पाठक आफैले लेखकीय दृष्टिकोण बुझ्नुपर्ने हुन्छ र यो विधि नै उत्तम मानिन्छ ।

## २.३.६ सारवस्तु/ विचार तत्त्व

उपन्यासमा समाविष्ट केन्दीय वा आधारभूत विचारलाई नै सारवस्तु भनिन्छ,(बराल र एटम,२०६६:३८) । अर्थात उपन्यासकारले उपन्यासमा कुनै निश्चित उद्देश्य प्राप्तिका लागि व्यक्तगरेको विचारको सार उपन्यासको सारवस्तु हो । यसलाई विचार तत्त्वका रुपमा स्वीकार गरिएको पाईन्छ । उपन्यासकारकौ जीवन दर्शन बोक्नेमहत्त्वपूर्ण कार्य भएकाले सारवस्तुले उपन्यासकौ केन्द्रीय तथ्यलाई अङ्गीकार गरेको हुन्छ । उपन्यासको सन्देका रुपमा भएको सारवस्तु नै वास्तवमा कलात्मक अभिब्यक्ति मूलपक्ष रहेको मानिन्छ । विचार वाक्यका रुपमा सारवस्तुलाई स्वीकार गरियो भने उपन्यासको सौन्दर्यमा अवरोध सृजना हुन्छ र उपन्यासको कलात्मक सौन्दर्यमा ह्रस आउँछ । उपन्यासको अर्थ नै सारवस्तु भएकाले यसको भित्रिगुदी फेला पार्नु अपेक्षित मानिन्छ । प्रतिकात्मक रुपमा विस्तारित रहेको विषयवस्तुलाई सामान्यीकरण गरेर यसको मूलभाव खोज्नतिर लाग्नुपर्ने हुन्छ ।

सारवस्तु स्थानीय र विश्व जनिन गरी दुई प्रकारका हुन्छन । स्थानीय सारवस्तुले कुनै देशकालमा सीमित रही सत्यको निरिक्षण गर्दछ । आञ्चलिक र ऐतिहासिक प्रकृतिका उपन्यासमा यसको अत्याधिक प्रयोग गरिन्छ । विश्वजनीन सारवस्तुमा जीवनका शश्वत सत्यकौ खोजी गरिन्छ । सारवसस्तुकै माध्यमले उपन्यासमा उद्देश्य र सन्देशको अनावरण हुन्छ (उही:३९) ।

## २.३.७ द्वन्द्व

कथावस्तु र पात्रलाई क्रियाव्यापारसँग आबद्व गराएर अभिव्यक्ति दिने तत्त्व नै द्वन्द्व हो । रचनामा जीवनको अन्तः जीवनको सूचक द्वन्द्व हो,(उपाध्याय,२०४९:२७८) । द्वन्द्व दुई प्रकारका हुन्छन् । - १) आन्तरिक र २) बाह्य । बाह्य द्वन्द्वमा मानिस-मानिसका बीच, मानिस र समाजका बीच, समाज र समाजका बीच तथा मानव र मानवेत्तर वस्तुका बीच भएका द्वन्द्वहरू पर्दछन् । आन्तरिक द्वन्द्व पूर्णतया मानसिक-मानसिक रुपमा नै सीमित रहन्छ । वास्तवमा द्वन्द्व भनेको कुनै काम गर्न खोज्नु, पुनः रोकिनु, गरुँ कि नगरुँ दोधारमा पर्नु हो । द्वन्द्व एउटै व्यक्तिमा आन्तरिक रुपमा रहन्छ भने त्यसलाई मानसिक द्वन्द्व भनिन्छ । द्वन्द्व तीन तहमा विभाजन हुन्छ- मान्छेका बाह्य जीवनमा आइपर्ने विसङ्गतिका कारण देखापर्ने द्वन्द्व र मान्छेको आफैभित्र देखापर्ने तनावमूलक द्वन्द्व । पात्रहरू बहिर्मुखी छन् र

उनीहरूको क्रियाकलाप यान्त्रिक किसिमको छ भने त्यो द्वन्द्व बाह्यजगत्का असङ्गतिका कारणले जन्मेको हुन्छ । पात्रको आफैंभित्रको द्वन्द्व उत्कृष्ट र उच्चकोटीको द्वन्द्व हो, (सुवेदी, २०६४ : २४) ।

कथानक र चरित्रको साझा उपतत्त्वको रुपमा द्वन्द्वलाई मानिएको छ । पात्रहरू कतै आफ्नै मनोजगत्मा सिर्जित द्वन्द्वमा पिरोलिन्छन् र कतै चाहिँ बाह्य आचरणका टकराहटमा द्वन्द्वको पीडा अनुभव गर्दछन् । यसकारण उपन्यासले पात्रको मनोद्वन्द्वदेखि भौतिकद्वन्द्वसम्मका अवस्थालाई आत्मसात् गर्न तयार रहेको देखिन्छ ।

## २.३.८ दृष्टिबिन्दु

उपन्यासमा कथयिताले कथावाचनका लागि उभिन वा बस्नका लागि रोजेको ठाउँ नै दृष्टिबिन्दु हो । यसैबाट कथयिताले कसरी घटना वा चरित्रहरूको वर्णन तथा उपस्थापन गर्छ भन्ने कुराको निर्धारण हुन्छ । कतै कथयिताले आफू नै औपन्यासिक कथानकमा पसेर बोल्ने अनुमति पाएको हुन्छ भने कतै सानो ढोकाबाट देखिएका कुराहरू र कतै सम्पूर्ण ओकल्ने छुट पाएको हुन्छ,(बराल र एटम, २०६६ : ३) । उपन्यासमा कथावाचकको स्थानलाई नै दृष्टिबिन्दु भनिन्छ । उपन्यासकारले कुन पात्रका माध्यमद्वारा वा स्वयम् आख्यान प्रस्तुत गर्दछ त्यही कार्य नै दृष्टिबिन्दु हो । दुष्टिबिन्दु दुई प्रकारका हुन्छन्- १) बाह्य वा तृतीय पुरुष र २) आन्तरिक वा प्रथम पुरुष । लेखक र पाठकवर्गबीचको सम्बन्धसूत्र दृष्टिबिन्दु मानिन्छ । उपन्यासको पात्र प्रथम पुरुषको रुपमा रहँदा आन्तरिक दुष्टिबिन्दु हुन्छ र यो केन्द्रीय र परिधीय गरी दुई प्रकारमा रहेको छ । केन्द्रीय दृष्टिबिन्दुमा स्वयम् उपन्यासकार वा 'म' पात्र मुख्य पात्र भएर प्रस्तुत हुन्छ र मुख्य पात्रको आन्तरिक स्थितिको चित्रण सूक्ष्मताका साथ प्रस्तुत हुन्छ । परिधीय दृष्टिबिन्दुमा 'म' पात्र भएर पनि उपन्यासमा त्यसको स्थान गौण वा तटस्थ रहन्छ र मुख्यमा केन्द्र अर्कै पात्र बनेको हुन्छ र म पात्रले त्यही पात्रलाई केवल प्रस्तुत गर्ने माध्यम भएर भूमिका खेल्दछ । उपन्यासमा लेखकद्वारा तृतीय पुरुष पात्र नियोजित गरिएको छ भने त्यहाँ तृतीय पुरुष दृष्टिबिन्दु हुन्छ । तृतीय पुरुष दृष्टिबिन्दु सर्वदर्शी, सीमित र वस्तुपरक गरी तीन प्रकारका मानिएका छन् । सर्वदर्शी दृष्टिबिन्दुमा प्रायः सबै पात्रका भावना, विचार र प्रतिक्रिया समाविष्ट गर्दै ती पात्रहरूको आन्तरिक जीवनको चिनारी स्वतन्त्र रुपले दिइन्छ । सीमित दृष्टिबिन्दुमा भने केवल एक पात्रको मानसिक संसारको विचरण गरिएको हुन्छ । अनि वस्तुपरक दृष्टिबिन्दुमा

चाहिँ कुनै पनि पात्रको मानसिक संसारको विचरको विचरण गरिएको हुँदैन, (श्रेष्ठ, २०६० : ११) । पात्रको जीवन्तता तथा विश्वसनीयता दृष्टिबिन्दुमा निर्भर रहेको हुन्छ ।

### २.३.९ भाषाशैली

भाषा उपन्यासमा प्रयुक्त लेख्य रुप हो भने भाषालाई अभिव्यक्त गर्ने कलात्मक माध्यम नै शैली हो । यथार्थलाई वरण गर्ने, उपन्यासलाई जीवन्त बनाउने र मूर्त रुपमा प्रकट हुने साहित्यिक कला भाषाशैली हो । उपन्यास साहित्यिक विधा भएकाले यसमा कलात्मक गद्यभाषाको प्रयोग गरिन्छ ।

उपन्यासमा कथ्य र लेख्य दुवै भाषाको आवश्यकतानुकूल प्रयोग हुने गर्दछ । जीवनको विस्तृत आयामलाई समेट्ने हुनाले उपन्यासमा भाषाका सम्पूर्ण शक्तिको प्रयोग गरिन्छ । उपन्यास पाठ्यप्रधान आख्यानविधा भएकाले भाषाशैली नै प्रभावकारी ढङ्गले सम्प्रेषण गर्ने एक मात्र सामग्री हो ।

लेखकले उपन्यास रचना गर्दा प्रस्तुतिका लागि अपनाइएको खास किसिमको औपन्यसिक वैशिष्ट्यलाई शैली मानिन्छ । मानवीय विचार र भावनालाई अभिव्यक्त गर्ने माध्यम भाषा हो भने त्यो भाषाको प्रयोगबाट औपन्यासिक कृतिको रचना गर्दा अपनाइने वैयक्तिक ढङ्ग नै औपन्यासिक शैली हो । रचनाकारको यस्तो विशिष्ट रचना प्रकार वा अभिव्यक्तिलाई शैली भनिन्छ, जसमा एकाइको सौन्दर्यबोधक समुच्चय हुन्छ र भाषा एवम् विषयका दृष्टिबाट विचलन हुन्छ ।

उपन्यास रचनाका आवश्यक तत्त्वहरूमध्ये शैली पनि एक हो । उपन्यासको भाषिक शैली सरल हुनुपर्छ । क्लिष्टता एवम् दुरुहता शैलीको दोष हो । हलुका किसिमको आलङ्कारिक प्रयोग, स्थानीय भाषा तथा पाात्रको स्तर अनुरुपको भाषिक प्रयोग र उखान टुक्का आदिको उचित समायोजन भएको सरल तथा प्रसाद गुण सम्पन्न भाषाको प्रयोगलाई उपयुक्त मान्न सकिन्छ । जतिसुकै राम्रो कथावस्तु भए पनि उपन्यासको शिल्प कमजोर बनेमा त्यो उपन्यासलाई उत्कृष्ट मानिँदैन । त्यस्तै नवीनताको नाममा दुर्बोध्य भाषिक प्रयोग ग्राह्य हुँदैन । उपन्यासमा मूलतः दुई प्रकारका भाषाको प्रयोग गरिएको पाइन्छ :
१) संस्कृत तत्सम्प्रधान भाषा र २) साधारण चल्तीको भाषा,(थापा,२०४७:१३७) ।

## २.४ नेपाली उपन्यासको विकासक्रम

नेपाली साहित्यको पछिल्लो समयमा देखापरेको लोकप्रिय विधा उपन्यास हो । नेपाली उपन्यासको इतिहास त्यति लामो छैन । लगभग एक हजार वर्ष अघि जन्मिएको नेपाली भाषा आरम्भमा अभिलेख र दानपत्रको प्रयोजनमा सीमित थियो । पन्ध्रौं शताब्दीपछि मात्रै नेपाली भाषाले साहित्यतर्फ धेरैपछि मात्र गति लिन थाल्यो । पूर्ण रुपले औपन्यासिक स्वरुप नभए पनि वि.सं. १८२७ मा नेपाली आख्यानको स्वरुप भेटिएको मानिन्छ । शक्तिवल्लभ अर्ज्यालद्वारा संस्कृतबाट नेपालीमा अनुवाद गरिएको **महाभारत विराटपर्व** नै नेपाली साहित्यको पहिलो आख्यानात्यक स्वरुप हो । यसै विन्दुबाट नेपाली उपन्यासको सुरुवात भएको मान्ने हो भने नेपाली साहित्यमा यस विधाको विकासक्रम तीन चरण वा कालमा गुज्रिरहेको देखापर्दछ,(थापा र अन्य,२०६०:२२) ।

प्राथमिक काल : वि.स. १८२७ -१९४५ सम्म

माध्यमिक काल : वि.सं. १९४६ - १९९० सम्म

आधुनिक काल : वि.सं. १९९१ हालसम्म

## २.४.१ प्राथमिक काल (वि.सं.१८२७ -१९४५)

वि.सं. १८२७ देखि १९४५ सम्मको समयावधिलाई नेपाली उपन्यास परम्पराको प्राथमिक काल मानिन्छ । यस कालमा उपन्यासको संज्ञामा दरिने एउटा कृति फेला नपरे पनि त्यसका लागि पूर्वतयारी अवस्थाका कृतिहरू भने उल्लेख्य संख्यामा देखा पर्दछन् । पृथ्वीनारायण शाहको एकीकरण अभियानसँगै नेपाली भाषा साहित्य पनि हिँड्न थालेको पाइन्छ । वि.सं. १८२५ मा पृथ्वीनारायण शाहले काठमाडौँलाई गोरखा राज्यमा गाभेको दुई वर्षपछि वि.सं. १८२७ मा शाक्तिवल्लभ अर्ज्यालले **महाभारत बिराटपर्व** अनुवाद गरेको देखिन्छ । आख्यानात्मक तत्त्व प्रशस्त मात्रामा रहेको यसै कृतिवाट नेपाली आख्यान साहित्यका लागि बाटो खोल्ने काम भएको मानिन्छ,(उही,पृ.२३) । यस कालमा शक्तिवल्लभ अर्यालको **महाभारत विराटपर्व** (१८२७) लगायत **हास्यकदम्ब** (१८५५), भानुदत्तको **हितोपदेश मित्रलाभ** (१८३३), भावानीदत्तको **मुद्रा राक्षस** (१८६८-९२), रामभद्र पाध्यको **लक्ष्मीधर्म सम्वाद** (१८५१), लेखक अज्ञात रहेका **पिनासको विनास** (१८७२), **दशकुमार चरित** (१८७५), **स्वस्थानी व्रतकथा** (१८७८), सुन्दरानन्द बाँडाको **त्रिरत्न सौन्दर्यगाथा** (१८९०) लगायतका आख्यानात्मक कृति प्राप्त भएको देखिन्छ । नेपाली उपन्यासको आरम्भको उपर्युक्त अवधि र परिस्थितिमा देखापरेका कृतिहरू सबै अनुदित आख्यान-उपाख्यानको रुपमा रहेका छन् । तर यी कृतिहरू साहित्यिक उद्देश्यले भन्दा अन्य उद्देश्यले नै लेखिएका जस्ता देखिन्छन् ।

संस्कृतवाट अनुदित यस्ता कृतिहरू कि त धार्मिक तथा दार्शनिक सिद्धान्त प्रतिपादन गर्न कि त नैतिक शिक्षा दिन अथवा आत्मसानको महत्त्व तथा परम तत्त्वको विवेचना गर्न प्रायोजित छन्,(प्रधान,२०५२:३५) ।

जुनसुकै उद्देश्य पूर्तिका लागि लेखिएका भए पनि प्राथमिक कालमा लेखिएका कृतिमा रहेको आख्यान चेतले यिनलाई उपन्यासको पृष्ठभूमिमा राखेको छ । प्राथमिक काल तथा आख्यानकै आरम्भ बिन्दु महाभारत विराटपर्व नै आख्यानको फराकिलो आयतन भएको कृति हो,(सुवेदी,२०६४:३५) । फलतः यस्ता कृतिहरू उपन्यास र कथाका बीच भेद मुक्त रहे पनि परवर्ती उपन्यासका लागि भने पृष्ठभूमि वा आधारको रुपमा रहेका देखिन्छन्,( बराल र एटम,२०६६:७१) । यस कालका कृतिहरूको मुख्य विशेषतालाई निम्न बुँदामा देखाउन सकिन्छ :

१) घटनाप्रधान आख्यान लेखनको आरम्भ हुनु

२) संस्कृत तथा अन्य भाषावाट अनुदित हुनु

३) औपदेशिक चरित्रको खोजी हुनु

४) नैतिक चारित्रिक धार्मिक जस्ता शिक्षा तथा मनोरञ्जन दिने उद्देश्य रहनु

५) हास्यव्यङग्यको प्रारम्भ हुनु

६) एकै शैलीको आख्यान परम्परा हुनु

## २.४.२ माध्यमिक काल (वि.सं. १९४६-१९९०)

नेपाली उपन्यासको माध्यमिक काल वि.सं. १९४६ देखि सुरु भई १९९० सम्म विस्तारित भएको छ । वि.सं. १९४६ सालमा प्रकाशित **वीरसिक्का** नै नेपाली उपन्यासको माध्यमिक कालको आरम्भ विन्दु हो । यस समयमा हरिहर शर्माको **शुकबहत्तरी** (१९५०), बेनामे **लालहरीको कथा** (१९५०), नरदेव पाण्डेको **वीरवल चातुरी** (१९५६), सदाशिव शर्माको **महेन्दप्रभा** (१९५९), शम्भुप्रसाद ढुङ्ग्यालको **हात्तिमताईको कथा** (१९८१), **गुलाब काबली** (१९८१), **अबोला मैयाँको कथा** (१९८२), **तोताको मैनाको कथा** (१९८४), त्यस्तै चिरन्जीवी पौड्यालको **प्रेम सागर** (१९५०), गिरीशवल्लभ जोशीको **वीरचरित्र** (१९६०), विज्ञानबिलासको **डा.सूर्य प्रसाद** (१९७२), अम्बालीका देवीको **राजपुतरमणि** (१९८९), ऋद्धिबहादुर मल्लको **शर्मिष्ठा** (१९८५), वैजनाथ सेढाईको **चक्रपरिक्रमा** (१९७३) आदि औपन्यासिक कृतिहरू उल्लेखित देखिन्छन् ।

जनतालाई धर्म, कर्म र रोमाञ्चपूर्ण जीवनतिर लगाएर आफूले शासनको सुखभोग गर्ने प्रवृत्ति शासकहरूमा विकसित  भइरहेको स्थितिले माध्यमिक कालको साहित्यिक वातावरण  जन्मायो भने अर्कातिर अंग्रेजसँगै मितेरी गाँसेर नेपाली जनतालाई शोषणको जातामा पिँधि राख्ने  शासकको  नीति अनुरुप  सामाजिक मूल्य  विघटन भई श्रृङ्गारिक धारामा बगेर  लेखिएका आकाश  पातालका रोमाञ्चपूर्ण साहित्यिक रचनाहरू यस कालमा देखिए,(उही:७२) ।

यसरी  विकसित  भएको यस धारालाई मनोरञ्जनात्मक, धार्मिक, पौराणिक  धारा, नैतिक-औपदेशिक  धारा, सामाजिक सुधारात्मक धारा जस्ता धारामा  राखेर अध्ययन गर्न सकिन्छ,(ज्ञवाली,२०६६:२२) । यस अवधिको स्थिति र रचनागत मूल्यलाई  सामाजिक चेतना र राजनैतिक पर्यावरणलाई समेत दृष्टिमा राखेर निक्यौंल गर्दा  के कुरा स्पष्ट देखिन्छ भने नेपालको आन्तरिक शैक्षिक सामाजिक  राजनीतिक संरचना, नेपालको अन्य मुलुकसँगको सम्बन्ध समेतलाई रचनाले अभिव्यक्त गर्न थालेको छनक पाइन्छ,(सुवेदी,२०६४:पृ.२५) ।

यस कालखण्डको अर्को महत्वपूर्ण उपलब्धि लिखित उपन्यासको र विभिन्न पत्र-पत्रिकाको प्रकाशन पनि हो । यसको लागि **उपन्यासतरङगिणी** जस्तो उपन्यास प्रधान पत्रिकाको प्रारम्भ भयो भने **गोरखापत्र**  (१९५८), **सुन्दरी** (१९६३), **चन्द्र** (१९७१), **गोर्खाली** (१९७३) लगायतका देशभित्र तथा देशबाहिरबाट प्रकाशित पत्रपत्रिकाहरूले उपन्यासको सम्बर्द्धनमा ठूलो योगदान दिएको देखिन्छ । आफ्नो समकालीन युगका घटनाक्रमको प्रत्यक्ष रुपमा चित्रण, व्यङ्ग्यात्मक शैली, पूर्ण रुपको मौलिक कृतिको श्रेय  गिरीशवल्लभ जोशीको **वीरचरित्र** (१९६०) लाई जान्छ,(थापा,२०६०:२५) । यी र यस्तै कृतिहरूको रचना गरिएको यस कालका उपन्यास कृतिहरूका प्रमुख विशेषता निम्न लिखित छन् :

१)  अनुवादको प्रधानता कायम भए पनि मौलिक रचनाको प्रयासको थालनी गर्नु

२)  काल्पनिक, असम्भव, अलौकिक एवम् अतिमानवीय घटनाको प्रस्तुतीकरण गर्नु

३)  स्थानीय परिवेशको चित्रणका साथै पात्रको स्वतन्त्र व्यक्तित्व  निर्माणको प्रयास गर्नु

४) नाट्य शैलीप्रति बढी  झुकाव र घटनाको अधकल्चो चित्रण हुनु

५)  आख्यानभन्दा लेखनकीय भूमिका प्रबल रुपले देखा पर्नु

६)  विलासपूर्ण एवम् मनोरञ्जनपूर्ण विवरणात्मक प्रस्तुति गर्नु आदि

### २.४.३  आधुनिक काल (वि.सं.१९९१ - हालसम्म)

वि.सं. १९९१ देखि हालसम्मको समयावधि नेपाली उपन्यास परम्पराको आधुनिक काल हो । साहित्यको सन्दर्भमा आधुनिकको अर्थ परम्परागत प्रकृतिका विरुद्ध नवीन मूल्य र मान्यताको जगमा उभिएको कृतिको विशेषणका रुपमा लगाउने गरिन्छ । नेपाली उपन्यासको इतिहासमा यस काल खण्डका उपन्यासले पुरानो प्रवृतिलाई छाडेर नवीन प्रयोगमा प्रवृत्त भएको देखिन्छ । वि. सं १९९१ मा रुद्रराण पाण्डेको **रुपमती** उपन्यास प्रकाशन भए पछि नेपाली उपन्यासमा आधुनिक कालको आरम्म भएको मानिन्छ । घनश्याम नेपाल आधुनिक कालको प्रवर्तन गर्ने उपन्यास **भ्रमर** हो भन्दछन् ।नेपालीमा विष्णुचरण श्रेष्ठको **सुमति** र रुद्रराज पाण्डेको **रुपमती**बाट यसले ग्रहण गर्न थालेको स्वरुपले रुपनारायण सिंहको **भ्रमर**मा आएर पूर्ण प्रतिष्ठा प्राप्त गऱ्यो । अतः साँचो अर्थमा नेपाली उपन्यासको आधुनिक रुपको प्रवर्तन भ्रमरबाट भएको हो,(नेपाल,१९९४:७२) । अलौकिक घटनाक्रमको चित्रण औपन्यासिक विधागत स्वरुपको अनिश्चित अनुवाद परम्परालाई छिनालेर जब सामाजिक यथार्थको चित्रण, नेपाली स्वभाविक पर्यावरण एवं औपन्यासिक विधागत स्वरुपको निश्चितता जस्ता थुप्रै विशेषणका साथ नेपाली उपन्यासको आधुनिकताको सूत्रपात भयो भन्नेमा एक मत भएका छन्,(थापा,२०६०:२६) । वि.सं. १९९१ मा प्रकाशित भएको रुद्रराज पाण्डेको **रुपमती**मा सर्वप्रथम सामाजिक यथार्थवाद पाइनु नै आधुनिकताको लक्षण हो । परिवेशगत चेतना र मानवीय मूल्यको अन्तर्भाव पाइनु नै यस उपन्यासको ऐतिहासिक महत्त्व हो,(श्रेष्ठ र शर्मा,२०४०:१०५) ।

**रुपमती**बाट आरम्भ भएर आजसम्म आइपुग्दा आधुनिक उपन्यासले विभिन्न मोड उपमोड तथा नवीन प्रवृत्तिलाई वरण गर्दै अगाडि बढेको छ । नेपाली उपन्यासको यस कालमा उपन्यासले वास्तविक स्वरुप प्राप्त गरेको छ र यो एउटा छुट्टै विधाका रुपमा प्रतिष्ठापित भएको छ,(सनत,रेग्मी र अन्य, २०६०:पृ.९१) । विधासिद्धान्तको सन्तुलित निर्वाह गर्दै यस चरणमा उपन्यास लेखिएका छन् । आधुनिक कालको थालनीमा देखा पर्ने नेपाली उपन्यासमा बाह्य यथार्थको चित्रण गर्ने प्रवृति र कथानकप्रधान लेखनको प्रबलता देखिन्छ भने वि.सं. २०१६ सालपछि मनोविज्ञानको प्रवेश भई सूक्ष्म यथार्थको प्रस्तुति पनि आरम्भ हुन्छ,(बराल र एटम,२०६६:९१) । यसर्थ आधुनिक कालको आरम्भमा उपन्यास बाह्य यथार्थ वा सामाजिक यथार्थमा बढी केन्द्रित थिए भने २०६१ सालपछि आन्तरिक यथार्थ हुँदै विसङ्गति , अस्तित्ववादी, शून्यवादी चिन्तनका साथ राजनितिक , आर्थिक , सामाजिक विसङ्गतिको चित्रणमा केन्द्रित देखिन्छ,(ज्ञवाली,२०६६:२४) । नेपाली उपन्यासको आधुनिक

काल विभिन्न मोड तथा प्रवृत्तिहरू अँगाल्दै अगाडि बढेको देखिन्छ । यस कालखण्डमा नेपाली उपन्यासले परम्परागत प्रवृत्तिलाई परित्याग गर्दै सामाजिक यथार्थवादलाई अँगाल्यो । कथानकमा प्रबलता देखा पर्‍यो भने त्यसपश्चात सामाजिक विसङ्गतिको सूक्ष्म समालोचना गर्ने प्रवृत्ति पनि देखिन्छ । त्यस्तै आत्मपरक अन्तरर्मुखी जटिल किसिमका उपन्यास समेत यस कालखण्डमा देखापरेको यस अवधिमा विश्व साहित्यका क्षेत्रमा विकसित विभिन्न वाद , चिन्तन एवं प्रवृत्तिलाई वरण गर्न नेपाली उपन्यास तत्पर देखिन्छ । यसकै आधारमा आधुनिक नेपाली उपन्यासको समग्रतालाई तीन चरणमा विभाजन गर्न सकिन्छ :

प्रथम चरण (वि. सं. १९९१-२०१५)

द्वितीय चरण (वि. सं. २०१६-२०३५)

तृतीय चरण (वि. सं. २०३६-हालसम्म)

## २.४.३.१ प्रथम चरण (वि. सं. १९९१-२०१५)

वि.सं. १९९१ देखि २०१५ सम्मको समयावधि आधुनिक नेपाली उपन्यासको प्रथम चरण हो । यस चरणका उपन्यासले सामाजिक यथार्थका विविध रुपको चित्रण गरेको पाइन्छ । जसरी र जुन विधि अपनाए तापनि यस चरणका उपन्यासमा मूलतः बाह्य यथार्थको वर्णनमै केन्द्रित हुने साझा प्रवृत्ति पाइन्छ,(बराल र एटम,२०६६:९३) । यस अवधिमा नेपाली उपन्यासको पहिलो चरणको आदर्शोन्मुख यथार्थवादी प्रवृत्ति अँगाली लेखिएका उपन्यास रुद्रराज पाण्डेका **रुपमती** (१९९१), **चम्पाकाजी** (१९९३), **प्रायश्चित** (१९९५) र **प्रेम** (२००५), काशीबहादुर श्रेष्ठको **उषा** (१९९५), टुकराज पदमराज मिश्रको **रजबन्धकी** (१९९६) र **रामकृष्ण कुँवर राणा** (१९९९), आदि उपन्यासहरू रहेको छन् । त्यस्तै पहिलो चरणको दोस्रो प्रवृत्ति स्वच्छदतावादी धारालाई अँगाल्दै रुपनारायण सिंहको **भ्रमर** (१९९३), काशीबहादुर श्रेष्ठको **उषा** (१९९५) र **वचन** (२००१), भवानीभक्त सिंहको **यौवनको आँधी** (१९९६) देखापरे ।

लैनसिंह बाङ्देलको **मुलुक बाहिर** (२००४) को प्रकाशनपछि नेपाली उपन्यासले प्राप्त गरेको आधुनिकताको वारेमा पश्चिमी शैलीको यथार्थवादको पनि उपस्थिति देखापर्‍यो,(थापा,२०६०:पृ.२७) । यसपछि आधुनिकताको गतिलाई थप बल प्रदान गर्न थुप्रै उपन्यासहरू देखा परे त्यसमध्ये डायमन शमशेरको **वसन्ती** (२००५) लैनसिंह बाङ्देलको **माइतघर** (२००६) र **लङगडाको साथी** (२००८) हृदयचन्द्रासिंह प्रधानको **स्वास्नीमान्छे** (

२०११), लीलबहादुर क्षेत्रीको **बसाइँ** (२०१४), मोहनबहादुर मल्लका **उजेली छाया** ( २००८),**समयको हुरी** (२०१५), लीलाध्वज थापाको **शान्ति** (२०१५) आदि उल्लेखनीय छन् । यस चरणका उपन्यासको विशेषतालाई निम्न लिखित रुपमा देखाउन सकिन्छ :

१) उपन्यासमा कथानकको प्रधानता हुनु,

२) यथार्थवादी उपन्यास लेखन परम्पराको थालनी हुनु,

३) विभिन्न वादहरूको मिश्रणवाट उपन्यास रचिनु ,

४) निम्न र मध्यम वर्गीय समाजको बढी मात्रामा चित्रण गरिनु ।

५) बाह्य जगत्का सामाजिक र ऐतिहासिक यथार्थको उद्घाटनको बाहुल्यता हुनु ,

### २.४.३.२ द्वितीय चरण (वि.सं. २०१६ -२०३५)

नेपाली उपन्यासको आधुनिक कालको दोस्रो चरण वि.सं.२०१६ देखि २०३५ सम्मलाई मानेको देखिन्छ । आधुनिक नेपाली उपन्यासको यस चरणमा स्थूलताबाट शूक्ष्मतातिरको यात्रा पनि आरम्भ भयो,(बराल र एटम,२०६६:८४) । व्यक्तिको अन्तरमनको चित्रणमा केन्द्रित भएर सूक्ष्म यथार्थको वर्णन र विश्लेषण गर्ने प्रवृत्ति नै यस चरणको महत्त्वपूर्ण फड्को हो । पश्चिमी भूमिमा जन्मिएका र हुर्किएका विभिन्न वादहरू फैलिएर विश्वका अन्य देशमा झैँ हाम्रो देशमा पनि निकै प्रभाव जमाउन सक्षम भए । चिन्तन र अभिव्यक्ति शैलीमा व्यक्तिनिष्ठ लेखनको प्रभावले क्लिष्टता थपिन पुगेको पाइन्छ । पछि-पछिका उपन्यासहरू भने सरलता आँगालेर देखा पर्न थालेका छन् । मनोविज्ञानपरक उपन्यास लेखन परम्परालाई यस चरणले धेरै समयसम्म अँगालिरह्यो भने पछिल्लो समयमा प्रयोगपरक लेखनको बाहुल्यता सहजै देख्न सकिन्छ,(थापा,२०६०:२९) ।

मनोविश्लेषणवादी धाराका गोविन्दबहादुर मल्ल गोठालेको **पल्लो घरको झ्याल** ( २०१६), विजय मल्लको **अनुराधा** (२०२२), मनको सूक्ष्म यथार्थको अङ्कन गर्न सफल उपन्यास हुन् । त्यस्तै विसङ्गतिवादी चिन्तनमा लेखिएका उपन्यासहरूमा ईन्द्रबहादुर राईको **आज रमिता छ** (२०२१), परिजातका **शिरीषको फूल** (२०२२), **महत्ताहीन** (२०२५), ध्रुवचन्द्र गौतमका **अत्यपछि** (२०२४), **बालुवामाथि** (२०२८) र **डापी** (२०३३) महत्त्वपूर्ण रहेका छन् । साहित्यिक विभिन्न आन्दोलनले ल्याएका बिभिन्न प्रयोगहरू यस समयका उपन्यासमा भएको पाइन्छ । मञ्जुलको **छेकुडोल्मा** (२०२६), ओकिग्यामा ग्वाइनको **सुनाखरी** (२०३३), जगदीश घिमिरेको **साविती** (२०३२), प्रयोगवादी धाराका उपन्यासमा दरिन पुगेका छन् । यसका साथै प्रगतिवादी धार समेत यसै चरणमा देखा पर्दछ । डी.पी.अधिकारीका

**आशमाया** (२०२५) र **धरती अझै बोल्दैछ** (२०२७), खगेन्द्र संग्रौलाका **चेतनाको पहिलो डाक** (२०२७) र **आमाको छटपटी** (२०३४), परिजातका **तोरीबारी बाटा र सपनाहरू** (२०३३), **पर्खाल भित्र र बाहिर** (२०३५), तीर्थ नेउपानेको **खद्माको गाउँ** (२०३५) यस धाराका उल्लेखनीय उपन्यासहरू हुन् । यस चरणका विशेषताहरूलाई निम्न बुँदामा हेर्न सकिन्छ :

१) पाश्चात्य साहित्यको प्रभाव ग्रहण गर्दै त्यसकै आधारमा उपन्यास लेखिनु

२) कथानकभन्दा चरित्रको सूक्ष्म चित्रणमा केन्द्रित हुनु,

३) यौनका जटिलतालाई बढी महत्त्वका साथ उठाउनु

४) उपन्यासको विघटनको प्रयास गर्दै परम्परागत मूल्य-मान्यताको खुल्ला विरोध गर्नु

५) दुर्बोध्य, क्लिष्ट, जटिल, एवम् प्रतीकात्मक मिश्रिण भाषशैलीको प्रयोग गर्नु

### २.४.३.३ तेस्रो चरण (वि.सं. २०३६ - हालसम्म )

आधुनिक नेपाली उपन्यासको उत्तरवर्ती चरणको रुपमा देखा परेको वि.सं. २०३६ देखि हालसम्मको समयावधि नेपाली उपन्यासको तेस्रो चरण हो । नेपाली उपन्यासको सशक्त विकास र नेपाली उपन्यास साहित्यले विश्वसाहित्यको भण्डारमा आफूलाई स्थापित गरेको समय पनि यही हो । यस समयमा नेपाली उपन्यासले आलोचनात्मक यथार्थवाद, मिथकीयताको प्रयोग, प्रगतिवादी चेतना, नारीवादी चेतना जस्ता प्रयोगहरू यस समयमा भएका छन् । ध.च. गोतामेका **घामका पाइलाहरू** (२०३६), दौलतविक्रम विष्टका **भोक र भित्ताहरू** (२०३८), **ज्योति ज्योति महाज्योति** (२०४५), गीता केशरीको **सौगात** (२०४६), **आवाज** (२०४६), कवितारामको **बकपत्र** (२०४६), गाविन्द गिरी प्रेरणाको **उत्खनन**, नारायाण ढकालका **पीत संवाद** (२०५५), **प्रेत कल्प** (२०६५), विश्वेश्वरप्रसाद कोइरालाका **मोदिआइन** (२०३६) र **हिटलर र यहुदी** (२०४०), मदनमणि दीक्षितका **माधवी** (२०३९) र **त्रिदेवी** (२०५१), राजेश्वर देवकोटाको **द्वन्द्वको अवसान** (२०४१), पारिजातको **अनिदो पहाडसंगै** (२०३९), **परिभाषित आखाहरू** (२०४६), **बोनी** (२०४८), रमेश विकलको **अविरल बग्छ इन्द्रवती** (२०३९) भक्तबहादुर नेपालीका **जेल भित्र** (२०३८), **भूतको ओखती**, कृष्ण धरावासीको **राधा** (२०६२),सञ्जय थापाका **नओइलाउने फूल** (२०४३) र **देउमाइको किनार** (२०४७), मोदनाथ प्रश्रितको **चोर** (२०४४), ॠषिराज बरालको **कमरेड हुतराजको राजधानी प्रस्थान** (२०४८) र **सगरमाथा** (२०६४), हरिहर खनालको **समयको रेखाचित्र** (२०६५) र शोभा भट्टराईको **अन्त्यहीन अन्त्य** (२०५८), पद्मावती सिंहको **समानान्तर**

**आकाश** (२०६२) त्यस्तै होमनाथ सुवेदीका **देउराली** (२०५१), **अङ्कुर** (२०५३) र **यमपुरीको महल** (२०६४), राजवको **एटलान्टिक स्टिट** (२०६५), आदि औपन्यासिक कृतिहरू तेस्रो चरणका विभिन्न प्रवृत्ति अँगाली लेखिएका प्रतिनिधि उपन्यासहरू हुन् । यस चरणका उपन्यासका केही विशेषताहरू निम्न लिखित रहेका छन् :

१) प्रथम पुरुष दृष्टिबिन्दुलाई प्रमुख प्राथमिकतामा राखिनु

२) मिथकीय पुनर्सिर्जनको विशिष्ट प्रयोग गरिनु

३) प्रगतिवादी साहित्यको उत्कृष्टता समाजको आमूल परिवर्तनप्रति जिम्मेवार देखिनु

४) नारीवादी चिन्तनको बिस्तारका साथै कलात्मक व्यङ्ग्यको प्रभावकारी प्रयोग हुनु

५) समसामयिक सामाजिक भष्टाचार, पाखण्डीपन, विकृति एवं विसङ्गतिको आलोचनात्मक चित्रण गरिनु

६) साइबर संस्कृतिको चित्तण गरी त्यसबाट एक्लिएको मान्छेको विवशता देखाउनु

७) उपन्यासलेखनमा डायस्पोराको अभिव्यक्ति पाइनु

८) माओवादी दसवर्षे जनयुद्ध (२०५२-२०६२) को पक्ष र विपक्षमा उपन्यास लेखिनु, आदि ।

शक्तिवल्लभ अर्ज्यालको **महाभारत विराटपर्व** (१८२७) बाट सुरु भएको नेपाली आख्यान सहित्यले मौलिक चिन्तन र उपन्यासमार्फत समाजलाई चिनाउने परम्पराको विकास निक्कै पछिमात्र भएको देखिन्छ । नेपाली उपन्यासको प्राथमिक कालमा थुप्रै आख्यानात्मक कृतिहरू रचना भए पनि ती अनुवाद परम्परा र कथात्मक छनकभन्दा माथि उठ्न सकेको देखिदैन । माध्यमिक कालमा पनि खास गरी **वीरचरित्र**को प्रकाशनपछि केही मौलिक लेखनका प्रयास देखिए । **वीरचारित्र** (१९६०) लाई नै नेपाली उपन्यास परम्परामा पहिलो मौलिक उपन्यास मानिन्छ, (ज्ञवाली, २०६६:२५) । अझ विधागत सचेतता आधुनिक कालपछि मात्र देखापर्छ । नेपाली उपन्यास परम्पराले पूर्वाधुनिक कालखण्डको लामो समयावधि बोकेको भए पनि आधुनिक उपन्यासको विकासमा पाश्चात्य वैज्ञानिक चिन्तनको प्रभाव महत्त्वपूर्ण देखिन्छ । यसरी आधुनिक नेपाली उपन्यास आज आएर समाजका विसङ्गतिका कुना कोप्चेराहरू नियाल्दै त्यसको यथार्थ चित्रण गर्न र तिनबारे मुक्तिका लागि प्रेरणा तथा मार्गदर्शन प्रदान गर्नमा लागि परेको छ,(बराल र एटम,२०६६:८७) । वि.सं.१९९१ मा **रुपमती**को प्रकाशनपछि आरम्भ भएको आधुनिककालीन उपन्यासले छोटो अवधिमा नै विविध मोड, उपमोड पार गर्दै अगाडि बढेको देखिन्छ साथै यसले विश्वसाहित्यमा विकसित नवीन मूल्य-मान्यता र प्रवृत्ति पनि अँगाल्दै गएको देखिन्छ ।

# तेस्रो परिच्छेद

## ३.१ नेपाली उपन्यासको उत्तरवर्ती चरण

अध्ययन सुगमता र अस्पष्टताको अन्त्यका लागि साहित्यलाई विभिन्न कालखण्डमा विभाजन गर्ने गरिन्छ । यही परम्परा अनुरुप साहित्यको प्रमुख विधा उपन्यासलाई पनि विभिन्न चरणमा विभाजन गरिएको छ । मुख्यतया उपन्यासलाई प्राथमिक, माध्यमिक र आधुनिक गरी तीन खण्डमा विभाजन गरिएको छ । त्यस्तै आधुनिक काललाई पुनः प्रथम चरण, द्वितीय चरण र तृतीय चरण गरी तीन चरणमा विभाजन समेत गरिएको छ । आधुनिक कालको पछिल्लो चरणलाई उपन्यासको समसामयिक वा समकालीन युगका नामले चिनाउने परम्परा रहेको छ । उपन्यासको  यो समसामयिक चरण समयावधि कि प्रवृत्ति भन्ने विवादमा अल्झिएको छ । मोहनराज शर्माले वर्तमान सामाजिक परिवर्तनसँग बदलिएका र निकटतम एक दुई दशक भित्र सृजिएका रचनाहरूलाई समकालीन/समसामयिक  नेपाली साहित्यको दर्जामा राख्न मिल्छ भनेका छन्, (शर्मा, २०६३ : १५) । कृष्णचन्द्रसिंह प्रधान उपन्यासको समसामयिकता भित्र स्थापित परम्परा र मोड आफ्नो विकासको धुरीमा गतिमान छ , साथै यात्राका चरणलाई बिन्दु मानेर होइन, प्रचलित मान्यता र स्थापित मान्यताबाटै हटेर अधिल्तिरको अनिर्मित जमिन गोड्ने आकांक्षाले पनि उत्साहित भई क्यै नवीनतम् क्यै प्रयोगतर्फ उपन्यासकारहरू अग्रसर देखिन्छन्, (प्रधान, २०५२ : १९६) भन्ने उल्लेख गर्दछन ।  समकालीन शव्द समय विशेषको उत्तरवर्ती चरण हो । यस अर्थमा समकालीनता र उत्तरवर्ती शब्दले लगभग एउटै अर्थ बझाउँछ, (गौतम, २०६६ : १२७) ।

वि.सं. २०३६ देखिका समयमा समाजसँग सम्बन्धित आलोचनात्मक यथार्थवादी तथा प्रगतिवादी उपन्यासको लेखन बिस्तार भएका हुनाले यही अवधिलाई नै प्रयोगवादी र समाजोन्मुख गरी दुई भागमा बाँड्न सकिन्छ भने समाजोन्मुख प्रवृत्तिले नै समकालीन उपन्यासको प्रतिनिधित्व गर्दछ । यसलाई नेपाली उपन्यासको उत्तरवर्ती चरणका रुपमा लिन सकिन्छ, (बराल र एटम, २०६६ : ८७) ।

उत्तरवर्ती भन्नाले पछिल्लो समयको भन्ने बुझिन्छ ।  साहित्यका सन्दर्भमा कुनै पनि विधा विशेषले एउटा धार पार गरी नवीनतम प्रवृत्तिहरू देखाउँदै पूर्ववर्ती प्रवृत्ति भन्दा फरक भएर अगाडि बढ्न थाल्दा प्रवृत्ति वा कालखण्डलाई कनै निश्चित नामकरण गर्न नसकी

केही सीमित अवधिलाई बुझाउँनका लागि मात्र यस नामको प्रयोग गर्नुपर्ने देखिन्छ । उपन्यासको पछिल्लो चरण नै उत्तरवर्ती हो भन्नेमा मतैक्यता भए पनि यसको समय सीमाका सन्दर्भमा भने विवादै देखिन्छ । उत्तरवर्ती चरण समकालीन जस्तै सर्दै जाने गर्दछ । समाज जागरणसँगै साहित्यमा आएको नूतन प्रवृत्तिका कारण वि.सं. २०३६ पछिको समयलाई उपन्यासको समकालीन युग मान्नेमा धेरैको एकमत देखिन्छ र उपन्यासको उत्तरवर्ती चरण पनि यहीबाट सुरु भएको मान्न सकिन्छ ।

## ३.२ स्पष्टीकरण

उत्तरवर्ती चरणमा प्रकाशनमा आएका उपन्यासहरूलाई आधार मानी तिनीहरूको विवरण तयार पारिएको छ । समकालीन/समसायिकताको समानान्तर अर्थका रुपमा रहेको उत्तरवर्ती चरणको प्रवृत्ति र सीमा निर्धारण यस शोधकार्यको उद्देश्य नभएकाले त्यसको विवादको टुङ्गोतर्फ नलागी प्रचलित उत्तरवर्ती समयमा प्रकाशित उपन्यासहरूको विवरणतर्फ नै यहाँ बढी ध्यान केन्द्रित गरिएको छ । छोटो समयमा निश्चित उद्देश्य लिएर गरिएको यस शोधकार्यमा सम्पूर्ण पुस्तकाकार कृति सम्म पुग्नु असम्भव रहेकाले पुस्तकालयमा उपलब्ध र विभिन्न विद्वान्हरूका ग्रन्थहरूमा उल्लेखित विवरणहरूलाई आधार मानी उत्तरवर्ती चरणका उपन्यासहरूको विवरण तयार परिएको छ ।

## ३.३ त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालयमा रहेका उत्तरवर्ती चरणका नेपाली उपन्यासहरूको विवरण

त्रिभुवन विश्वविद्यलयको केन्दीय पुस्कालयमन रहेका उपन्यासहरूको मात्र विवरण यस खण्डमा प्रस्तुत गरिएको छ । पुस्तकालयमा रहेका क्यटलकहरूको आधारमा तयार परिएको यस विवरणमा विश्वविद्यालयको केन्द्रीय पुस्तकालयमा दर्ता भएका औपन्यासिक कृतिहरूको विवरण दिइएको हो । पुतकालयको क्याटलकलाई हेर्दा विश्वविद्यालयको पुस्तकालयले पछिल्लो चरणमा प्रकाशित भएका बाँकी औपन्यासिक कृतिलाई पनि खरिद गरी सङ्ग्रह गनुपर्ने देखिन्छ । देशकै ठुलो पुस्तकालयको रुपमा चिनिएको पुस्तकालयले पछिल्लो चरणमा प्रकाशित सम्पूर्ण पुस्तकाकार औपन्यासिक कृतिलाई सङ्ग्रह गर्नसके यसको गरिमा अझ उच्च हुने देखिन्छ ।

| क्र.सं. | उपन्यासकारहरू | उपन्यासहरू | प्रकाशन मिति | त्रि.वि. पुस्तकालय द.नं | प्रकाशक |
|---|---|---|---|---|---|
| १. | अच्युत प्याकुरेल | रुकु | २०४२ | ९३०२२ | लेखक |
| २. | अनिल अधिकारी | प्रकृति | २०६३ | १३०२८४० | सर्बेश प्रकाशन, काठमाडौं |
| ३. | अरुण सायमी | आस्था | २०५४ | ११७४०२ | दिनेशलाल श्रेष्ठ, काठमाडौं |
| ४. | ,, | नदिको किनारामा | २०४८ | ११७९०८ | जमुना सायमी |
| ५. | अर्जुन कुमार कार्की | परिवर्तन | २०५५ | ११८५६५ | लेखक स्वयम्, काठमाडौं |
| ६. | आर.वि. कुँवर | मुक्तिको वेदितिर | २०४८ | १०१९५३ | चिन्तन प्रकाशन, काठमाडौं |
| ७. | आहुति | नयाँ घर | २०५० | १०५५४० | न्यायीक मञ्च प्रकाशन, काठमाडौं |
| ८. | ,, | स्खलन | २०५६ | १२५४७९ | विवेक सिर्जनसिल प्रकाशन, काठमाडौं |
| ९. | ईश्वर प्रदेशी | विहानी र साँझ | २०४३ | ९५४०६ | श्रीमती लक्ष्मी गुरुङ, पोखरा |
| १०. | इन्दिरा प्रसाई | रनमाया | २०५८ | ९४९१३ | प्रसाई प्रकाशन, काठमाडौं |
| ११. | ,, | विश्वामित्र | २०५५ | ११९१९१ | पिलागिप्स वुक हाउस, काठमाडौं |
| १२. | इन्द्रबहादुर भण्डारी 'इन्द्रेणी' | तिम्रो एउटा सहयात्री | २०६३ | ६७११० | प्रतिभा साहित्य समाज, वाँके |
| १३. | ईश्वर रिजाल | परितृप्ति | २०५२ | १०८१८७ | मेघा प्रकाशन, ललितपुर |
| १४. | ईशा शाह | उजाडिएको सिउँदो | २०४८ | १०३२८९ | विश्व विक्रम राणा |
| १५. | ,, | कल्पना | २०४९ | १०३२८७ | मध्यपश्चिमाञ्चल साहित्य परिषद, काठमाडौं |
| १६. | ईश्वरराज पाण्डे | विप्लप | २०५१ | १०७५६३ | सूर्यमणि पौड्याल, काठमाडौं |
| १७. | उदय जि.एम | कालो टीका | २०५६ | ५१६१० | निरन्तर प्रकाशन, काठमाडौं |
| १८. | उदय पाखिन | लक्ष्य | २०६१ | १२७३२८ | छविलाल तामाङ, काठमाडौं |
| १९. | उमेश देवकोटा | अधुरा रेखा | २०३८ | ९१८७५ | मित्रनाथ देवकोटा, काठमाडौं |
| २०. | ऋषिकेश सेडाईं | क्रान्ति | २०६१ | ६२३४४ | लेखक |
| २१. | ऋषिकेशवराज रेग्मी | परिवर्तनका खुड्किलाहरू | २०४८ | १०२९६७ | श्रीमती निर्मला रेग्मी |
| २२. | ऋषिराज बराल | कमरेड हुतराज राजधानी प्रस्थान | २०४८ | १०२०३६ | चितवन प्रकाशन |
| २३. | एस. पी. आशा | हामीले प्रजातन्त्र कसरी ल्यायौं | २०५७ | १२४५५८ | न्यु नेपाल प्रेस, काठमाडौं |
| २४. | ,, | सेरोफेरो | २०५१ | १०७१८६ | सरस्वती घिमिरे, काठमाडौं |
| २५. | ,, | रक्त सनमान | २१५३ | ९७४९६ | ,, |
| २६. | एस.पी खरेल | पुस्तन्तर | २०६४ | १३२३९६ | रामप्रसाद पखरेल |
| २७. | ए. राज प्रकाश | पन्नाको औंठी | २०५० | ६२०९५ | नवीन पब्लिकेशन, काठमाडौं |
| २८. | एस. एस. वस्नेत | कलिका सपनाहरू | २०३७ | २५८८७ | रत्नलाल मानन्धर र सान्तराज पुरी, काठमाडौं |
| २९. | कन्हैया नासनानी | सिपाही | २०५७ | १२७५६७ | जनमत प्रकाशन, काठमाडौं |
| ३०. | कमल निओल | मुक्तिको मार्ग | २०६४ | १३२२३७ | अखिल नेपाल लेखक संघ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३१. | कमल न्यौपाने | रञ्जना | २०५३ | ११४३० | तुलसा न्यौपाने |
| ३२. | कल्याण गौतम | विडम्वना | २०५४ | ११७२७७ | रत्न पुस्तक भण्डार, काठमाडौं |
| ३३. | कविता पौडेल | बाल चित्कार | २०६२ | १३००२९ | दोभान प्रकाशन, काठमाडौं |
| ३४. | कविताराम श्रेष्ठ | पानीको थोपा | २०३८ | ८२५२२ | साझा प्रकाशन, काठमाडौं |
| ३५. | ,, | वनदेवी | २०३६ | | सार-संग्रह प्रकाशन |
| ३६. | ,, | वक पत्र | २०४६ | ९८३१६ | सार संग्रह प्रकाशन, काठमाडौ |
| ३७. | काशीबहादुर श्रेष्ठ | बचत | २०४० | ८९६९८ | रत्न पुस्तक भढ्डडार |
| ३८. | कुमार ज्ञवाली | अतीतको अवसान | २०४५ | ९६३३६ | हिमालय वुक सेन्टर, काठमाडौ |
| | ,, | प्रलय हुनुअघि | २०४१ | ९०४३१ | साझा प्रकाशन, काठमाडौं |
| ३९. | कुमुद देवकोटा | परिवेश | २०३६ | ९१७६५ | साझा प्रकाशन, काठमाडौं |
| ४०. | कुलचन्द्र कोईराला | वासना र प्रेम | २०५६ | ५५७८२ | कोईराला स्मृति प्रतिष्ठान |
| ४१. | कुलवीर राई | मृत सहर | २०६१ | ६७९३४ | प्रवासी नेपाली साहित्य सामाज, वेलायत |
| ४२. | ,, | हरियो पर्खाल | २०६१ | ३७९३४ | टिका राई |
| ४३. | कृष्ण अविरल | रक्तकुण्ड | २०६३ | १३०३३३ | कल्पना खनाल, काठमाडौं |
| ४४. | कृष्णराज खनाल | पातालकी प्रेयसी | २०६४ | १३१६२६ | सावित्री खनाल |
| ४५. | कृष्णराज सर्वहारी | गन्तव्य | २०५९ | १२४७२४ | निरन्तर प्रकाशन, काठमाडौं |
| ४६. | कृष्ण जोशी | असम्मत सम्मत | २०५१ | ५८१२४ | रत्नमाया दलित संरक्षण समिति, काठमाडौं |
| ४७. | कृष्णप्रसाद रिजाल | इन्द्रेणी | २०५४ | ११६४५९ | लेखक |
| ४८. | कृष्ण गौतम | स्वर्णविम्व | २०४८ | १२५इ४२ | साझा प्रकाशन, काठमाडौं |
| ४९. | कृष्ण धरावासी | आधा बाटो | २०५९ | १२७३४७ | नियात्रा प्रकाशन, झापा |
| ५०. | कृष्णप्रसाद पौडेल | युद्धपिपासुलाई खुल्ला पत्र | २०६० | १२९१९८ | लेखक |
| ५१. | के.पी. अम्गाई | युद्धक्षेत्र | २०५६ | १२१७३१ | सृजनशील प्रकाशन,काठमाडौं |
| ५२. | के. वि.पुन | सीमा रेखा | २०५५ | १२२८७८ | के.वि पुन |
| ५३. | केशव नेपाल | बेचिएकी चेली | २०४५ | ११८२९९ | निरन्तर प्रकाशन, काठमाडौं |
| ५४. | ,, | टुहुरीको जिन्दगी | २०५६ | ५०८१८ | ,, |
| ५५. | केशरी गीता | अन्तिम निम्तो | २०५१ | ४३७५७ | सेभ द चिल्ड्रेन, यु. एस. |
| ५६. | ,, | नोकरी | २०५५ | ११८५६३ | वाणी प्रकाशन, विराटनगर |
| ५७. | ,, | खोज | २०५० | ४३०८० | वाणी प्रकाशन, विराटनगर |
| ५८. | ,, | आवाज | २०४७ | १०८८५७ | वाणी प्रकाशन, विराटनगर |
| ५९. | ,, | मुक्ति | २०४८ | १०८८६५ | वाणी प्रकाशन, विराटनगर |
| ६०. | ,, | विश्वस | २०५२ | ४४४६६ | लेखक |
| ६१. | ,, | सौगात | २०४६ | ९७८६० | भारद्धाज प्रकाशन, काठमाडौं |
| ६२. | के श्रेष्ठ | मालती | २०४३ | ९३६८३ | लेखक, हेटौडा |
| ६३. | केशव श्रेष्ठ ज्योति | विस्थापित रहर | २०४७ | ९९०६४ | इन्द्रेणी प्रकाशन |
| ६४. | केशवराज पिडाली | बाच्ने एउटा जिन्दगी | २०४३ | ९४९२२ | साझा प्रकाशन, काठमाडौं |

| | | | | | |
|---|---|---|---|---|---|
| ६५. | ,, | साँझ घर फर्केको मान्छे | २०४६ | ११०८२० | ने.रा.प्र.प्र, काठमाडौं |
| ६६. | खखेरा | काठमाडौं देखि मस्को सम्म | २०५५ | ११९८३५ | धरणिधर सहकारी संस्था लिमिटेड |
| ६७. | खगेन्द्र प्रधानाङ्ग | हारी | २०५० | ११०८२४ | ने.रा.प्र.प्र, काठमाडौं |
| ६८. | खगेन्द्रबहादुर के.सी. | परिवर्तन | २०५१ | ११००१४ | साझा प्रकाशन, काठमाडौं |
| ६९. | खगेन्द्र संग्रौला | जुनकेरीको संगित | २०५६ | १२१३२७ | भुँडीपुराण प्रकाशन, काठमाडौं |
| ७०. | खेमराज शर्मा | दमाई | २०६१ | १२७३३४ | निरन्तर प्रकाशन, काठमाडौं |
| ७१. | गणेश रसिक | आकाश गंगाको भोट | २०५७ | ११७८९२ | किरावा कम, काठमाडौं |
| ७२. | गिरिराज संग्रौला | पारिलो घाम | २०५३ | ११३०८७ | सरला संग्रौला |
| ७३. | गोकुलप्रसाद | विधिको विडम्वना | २०४४ | १०१२०६ | काठमाडौं साहित्य मन्दिर |
| ७४. | गोपाल खत्री, क्षेत्री | काँढामा उभिएको जीन्दगी | २०४३ | ९५१३७ | विद्रोह के.सी. |
| ७५. | गोविन्द गिरी , 'प्रेरणा' | अन्तिम खाडल | २०५३ | ६९२४५ | ऋनुभव प्रकाशन, काठमाडौं |
| ७६. | ,, | उत्खनन | २०४५ | ११११११६ | ,, |
| ७७. | ,, | पाखण्ड पर्व | २०५० | ६९२६७ | अनुभव प्रकाशन |
| ७८. | ,, | मात्र एक रात | २०५५ | ६९२५४ | राईटरर्स क्लब , काठमाडौं |
| ७९. | गोबर्द्धन पूजा | शुन्यताको आचल भित्र | २०५३ | ४४५५१ | आकाश परियार, काठमाडौं |
| ८०. | गोविन्दप्रसाद भट्टराई | सत्य संकल्प | २०३७ | ८२३२७ | अच्युतकुमारी भट्टराई, काठमाडौं |
| ८१. | गोविन्दबहादुर मल्ल, 'गोठाले' | अपर्णा | २०५३ | ११८७७३ | वगर साहित्य, प्रकाशन काठमाडौ |
| ८२. | गोविन्दराज भट्टराई | मुगलान | २०४५ | ९६४२७ | राजेश्वर प्रकाशन, धनकुटा |
| ८३. | ,, | सुकरातका पाईला | २०६३ | १३०५५५ | मोर्डन वुक्स, काठमाडौं |
| ८४. | चन्द्रकान्त आचार्य | ज्वाला | २०५७ | १३३२५३ | निर्मला आचार्य |
| ८५. | ,, | दासता मुक्ति | २०६४ | ६८५११ | एसिया पब्लिकेशन, काठमाडौं |
| ८६. | चन्द्र नेपाली | बाबरी | २०४१ | ९०२८३ | सयपत्री प्रकाशन, झापा |
| ८७. | ,, | विहिबारे हाट | २०४० | ९२३२२ | हरिबहादुर राई, झापा |
| ८८. | चन्द्रप्रसाद न्यौपाने | युद्धको नाइके | २०५० | ४७१८० | लेखक ,चौतारा |
| ८९. | चर्तुभुज तिमिलसिना | विसङ्गति | २०५२ | १०८२३० | जनमत प्रकाशन,वनेपा |
| ९०. | चूडामणि गिरी | धर्मका अधर्महरू | २०६१ | १२९८३५ | मोरङ |
| ९१. | ,, | रक्त मिश्रण | २०६३ | १२९८३७ | मोरङ |
| ९२. | चूडानाथ भट्टराई | अकाल मृत्यु | २०३६ | ९१९१४ | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौ |
| ९३. | जगत्‌बहादुर खत्री | चितामाथिको लाश | २०५१ | ४३२५८ | कनकाई प्रतिभा प्रतिष्ठान, झापा |
| ९४. | जवाहर रोका | फेसुवा | २०३७ | ९१८०९ | साझा प्रकाशन, काठमाडौं |
| ९५. | ज्ञानकुमार नेपाली कट्टेल | बाँच्ने आशाहरू | २०६२ | १२९६२० | आन्दोलन प्रकाशन, काठमाडौ |

| | | | | | |
|---|---|---|---|---|---|
| ९६. | ,, | सुखको बाटो | २०६१ | १२७७४९ | आन्दोलन प्रकाशन, काठमाडौं |
| ९७. | झविन्द्रराज रेग्मी 'एकलकाटे' | लाल्टिन बजारकी | २०४७ | १०४८५५ | ओमप्रकाश श्रेष्ठ, अर्घाखाँची |
| ९८. | टंक के.सी. | अतितका प्रेयसीहरू | २०५३ | १०८९३५ | काठमाडौं |
| ९९. | ,, | विखण्डित जीन्दगी | २०५६ | १२१३८७ | नागीना कला समुह, काठमाडौं |
| १००. | टंकप्रसाद चौलागाँई | कथाको खोजी | २०६४ | १३१०७२ | निर्मलकुमार रिमाल |
| १०१. | टुकराज मिश्र | रिडी राँची रुदैहाँस्दै | २०४८ | ११०९९७५ | ने.रा.प्र.प्र, काठमाडौ |
| १०२. | डायमन शमशेर राणा | धनको धब्बा | २०५१ | १०६२९५ | तलेजु प्रकाशन, काठमाडौं |
| १०३. | ,, | सत्प्रयास | २०३८ | ३६४७५ | बालिका राणा |
| १०४. | डी.पी अधिकारी | युगान्तकारी | २०५६ | १२३०१४ | सविता प्रकाशन, ताप्लेजुङ |
| १०५. | ताराकान्त | स्वास्नीको सराप | २०४२ | ९३७४७ | नवीन प्रकाशन, सिराहा |
| १०६. | तुलसी नारायण श्रेष्ठ | देवी | २०५० | ४२८३३ | निलम श्रेष्ठ, सजन श्रेष्ठ, ललितपुर |
| १०७. | तुलसीराम कुँवर | गरीवी विरुद्ध | २०४० | ८७६१० | श्रीमती शुभद्रा सिंह, काठमाडौं |
| | ,, | संयोग | २०४५ | ९६५९६ | साझा प्रकाशन, काठमाडौं |
| १०८. | तेजप्रकाश श्रेष्ठ | सङ्कल्प जिउँदो रहेन | २०५२ | ११८१९४ | प्रतिभारश्मी, काठमाडौं |
| १०९. | तेजराज खतिवडा | सर्वजा | २०६० | १२५६४३ | तीर्खा प्रकाशन, काठमाडौं |
| ११०. | तृष्णराज्यश्री कुँवर | आरम्भ | २०५९ | १२४७७६ | वाणी प्रकाशन, विराटनगर |
| १११. | तोयानिधि पौड्याल | पूर्व र पश्चिम | २०४२ | ११०७६१ | ने.रा.प्र.प्र, काठमाडौं |
| ११२. | थमनबहादुर गुरुङ | बलिदान | २०५० | ११७६५४ | लेखक स्वयम् |
| ११३. | दीर्घराज प्रसाई | चिन्ता | २०४३ | ९३६७४ | श्रीमती कमला शाह, ललितपुर |
| ११४. | दुर्गा कुमार गुरुङ | आफ्नै धुनमा | २०४८ | ११७६५६ | लेखक स्वयम् |
| ११५. | दुर्गा प्रसाद बञ्जाडे | एक अर्को अन्त्यष्टि | २०६१ | ४४२१७ | लेखक स्वयम्, पोखरा |
| ११६. | देवरत्न खड्गी | कुनबाटो रोजु | २०४४ | ९५७५२ | रेखा खड्गी, काठमाडौं |
| ११७. | देश सुब्बा | दोषी कर्म | २०५० | १०७८९० | लेखक |
| ११८ | दौलत विक्रम विष्ट | ज्योती ज्योती महाज्योती | २०४५ | १११५६६ | ने.रा.प्र.प्र. |
| ११९. | ,, | थाकेको आकाश | २०४५ | ११०१९७ | साझा प्रकाशन, ललितपुर |
| १२०. | ,, | फाँसिको फन्दामा | २०५३ | ४८६५३ | विश्वरामभक्त माथेमा, काठमाडौं |
| १२१. | ,, | हिमाल र मान्छे | २०४५ | ११०७७६ | ने.रा प्र.प्र., काठमाडौं |
| १२२. | धनुषचन्द्र गौतम | यहाँ देखि त्यहाँ सम्म | २०४२ | ४९४२१ | ने.रा प्र.प्र., काठमाडौं |
| १२३. | धुस्वाँ सायमी | अग्नि गर्भ | २०४२ | ९४२३० | साहित्यक घर, काठमाडौं |
| १२४. | ,, | खरानीको वस्ती | २०४६ | ९८०१५ | इग प्रकाशन, काठमाडौं |
| १२५. | ,, | दीपा | २०४६ | ९७५६७ | डायरी प्रकाशन, काठमाडौं |
| १२६. | ,, | म एउटी गोमा | २०५५ | १२०२७५ | ज्ञानकुमारी मानन्धर, वनेपा |

| | | | | | |
|---|---|---|---|---|---|
| १२७. | ध्रुवचन्द्र गौतम | अग्निदत्त + अग्निदत्त | २०५३ | ११५६४५ | नेपाल लेखक संघ, काठमाडौं |
| १२८. | ,, | अलिखित | २०४० | ११६८४९ | ईश्वरचन्द्र गौतम, विरगंज |
| १२९. | ,, | उपसंहार आर्थात चौथो अन्त्य | २०४८ | १०७६२७ | साझा प्रकाशन, ललिपुर |
| १३०. | ,, | एक असफल आख्यानको आरम्भ | २०६५ | १३२४४० | अर्किड प्रकाशन, काठमाडौं |
| १३१. | ,, | एक शहरमा एक कोठा | २०४६ | ९८१३३ | अभिव्यक्ति प्रकाशन, काठमाडौं |
| १३२. | ,, | कट्टेल सरको चोटपटक | २०३७ | १०६२५२ | साझा प्रकाशन, काठमाडौं |
| १३३. | ,, | ज्यागा | २०५० | १०४९८८ | ध्रुवचन्द्र गौतम ध्रुव सापकोटा, काठमाडौं |
| १३४. | ,, | दुविधा | २०५२ | १११६०० | लुनकरदास गंगादेवी चौधरी, साहित्य कला मन्दिर |
| १३५. | ,, | निमित्त नायक | २०४३ | ३३६०७ | केदार सुवेदी |
| १३६. | ,, | फूलको आतंक | २०५५ | ११९८७० | लेखक स्वयम् |
| १३७. | ,, | भीमसेन -४ को खोजी | २०६१ | १२५७१९ | मध्यपश्चिमाञ्चल साहित्य संस्कृति कलाकेन्द्र, वाके |
| १३८. | ,, | मौन | २०५८ | १२४५४८ | प्रतिभा प्रकाशन,  काठमाडौं |
| १३९. | ,, | बाढी | २०५६ | १२२५२५ | नेपाल लेखक संघ, काठमाडौं |
| १४०. | ,, | स्वर्गीय हिरादेवीको खोज | २०४५ | ३३००७३५ | ने.रा.प्र.प्र, काठमाडौं |
| १४१. | ध्रुव सापकोटा | अकल्पनीय | २०६६ | १३६७१५ | अर्किड बुक्स, काठमाडौं |
| १४२. | ,, | विखण्डित | २०५५ | १२१३८४ | ने.रा.प्र.प्र काठमाडौं |
| १४३. | नकुल सिलवाल | तेस्रो पाइला | २०४५ | ९७३१४ | बगर प्रकाशन, काठमाडौं |
| १४४. | नन्दराम लम्साल | आरम्भ | २०३९ | ८८०५८ | भेरी साहित्य विकास समिति नेपालगंज |
| १४५. | नयनराज पाण्डे | उलार | २०५५ | १३३९२३ | तन्नेरी प्रकाशन, काठमाडौ |
| १४६. | ,, | नाङ्गो मान्छेको डायरी | २०४४ | ९५१५९ | अनुभव प्रकाशन, काठमाडौं |
| १४७. | ,, | विक्रमादित्य एउटा कथा सुन | २०४४ | ९६१०२ | रुपायण प्रकाशन, काठमाडौं |
| १४८. | नरेन्द्र सिंह भण्डारी | गीता | २०३६ | ८९४९६ | मित्रलाल वालक अधिकारी, कञ्चनपुर |
| १४९. | नरेन्द्रराज प्रसाई | अक्षरको प्रर्दशनी | २०५५ | ११९१९३ | लोकमाण सिहं कार्की, काठमाडौं |
| १५०. | नरायण तिवारी | पिताम | २०५७ | ६०६२४ | वणी प्रकाशन, विराटनगर |
| १५१. | नरायण ढकाल | पीत संवाद | २०५४ | ११८२९७ | विचार प्रकाशन, काठमाडौं |
| १५२. | निरञ्जन पन्त | निशिप्त रक्तवीज | २०४३ | ६४८०० | इन्दु पन्त, काठमाडौं |
| १५३. | ,, | तपस्या | २०५५ | ६५१३५ | वाणी प्रकाशन, विराटनगर |
| १५४. | निर्मल 'उपेक्षित' | आँधीमा फूलेका फूल | २०४९ | ११७३०९ | विष्णु वि. क.र अन्य, तौलिहवा |
| १५५. | निर्मल प्याकुरेल | म जीवन र युद्ध | २०५४ | ११९४४१ | विधार्थी पुस्तक भण्डार |

| | | | | | |
|---|---|---|---|---|---|
| १५६. | नीरविक्रम प्यासी | माटोका केही बुँदाहरू | २०३८ | ८२५४६ | साझा प्रकाशन |
| १५७. | नृपबहादुर स्वाँर | कुसुमी | २०५५ | ५३४४५ | लोक बहादुर स्वाँर, काठमाडौं |
| १५८. | ,, | चिनु | २०५६ | ५३४१ | दिपा स्वाँर, काठमाडौं |
| १५९. | पखेरा विराग | अनुभूतिका जुलुसहरू | २०६२ | १२८५०५ | सि.के काठमाडौं |
| १६०. | पदम थापा | कैदी | २०५५ | ११९१६७ | सिर्जनसिल प्रकाशन, काठमाडौं |
| १६१. | पद्मावति सिंह | सामान्तर आकाश | २०६२ | ६४३२३७ | साझा प्रकाशन, ललितपुर |
| १६२. | परशु प्रधान | सवै विर्सिएका अनुहारहरू | २०५२ | १०१३३ | ,, |
| १६३. | परशुराम पोखरेल | दुई फूल | २०५३ | ११५०३७ | लिला पोखरेल, गोरखा |
| १६४. | पवन कार्की | विछोडको व्यथा | २०४२ | ९३७३९ | दैनिक धरातल, काठमाडौ |
| १६५. | पवन कुमार खनाल | विचरी दानमाया | २०४८ | ३७१९२ | लेखक |
| १६६. | परसमणि शाक्य | गृहिनी | २०४४ | ९५४१२ | रामनिवस गुप्ता |
| १६७. | ,, | जलने पर्ने जलाएनन | २०३९ | ८७५६१ | दिक्षित श्रेष्ठ, काठमाडौं |
| १६८. | पारिजात | परिभाषित आँखाहरू | २०४६ | ९८२२१ | स्यो म्हेन्दो प्रकाशन |
| १६९. | ,, | बोनी | २०४८ | १०१८६५ | साङग्रीला प्रकाशन |
| १७०. | पुष्पनाथ शर्मा | तामाङ जेठो | २०४४ | ४८९०८९ | लेखक स्वयम् |
| १७१. | ,, | स्नेह लता | २०४० | ४८९९१ | नविन प्रकाशन |
| १७२. | ,, | विहानको खोजी | २०५६ | ४९६९३ | नर्वदा शर्मा |
| १७३. | पूर्ण प्रकाश नेपाल 'यात्री' | पर्दा भित्र | २०४३ | ९४९३० | साझ प्रकाशन, काठमाडौं |
| १७४. | पूर्णप्रसाद ब्राह्मण | अध्यक्ष उमा | २०४४ | ९६१०४ | लेखक |
| १७५. | पुण्य निरौला | अस्थिपञ्जर | २०४३ | ९४४०७ | दुर्गादेवी निरौला, विराटनगर |
| १७६. | ,, | पार्वती | २०४३ | ९३४८० | राजन निरौला, विराटनगर |
| १७७. | ,, | सच्चा प्रेम | २०४४ | ९५०७७ | श्रीमती दुर्गादेवी निरौला, काठमाडौं |
| १७८. | ,, | तक्दीर | २०४२ | ९२४८० | मोहन निरौला, विराटनगर |
| १७९. | पृथ्वीबहादुर सिंह | जब जनता विउँझन्छन | २०६१ | १२७०६७ | मध्यपश्चिमाञ्चल साहित्यकष्परिषद, काठमाडौं |
| १८०. | प्रतिक्षा वागी | दोषी जीवन | २५५५ | १८७१५ | लेखक स्वयम, पोखरा |
| १८१. | प्रयासी गड्तौला | विवशताको पासो | २०५० | १०५०७४ | भिष्म गाडतौला, काठमाडौं |
| १८२. | ,, | प्रलय हुनु अघि | २०४१ | ९१४३१ | साझा प्रकाशन, काठमाडौं |
| १८३. | प्रेमकुमार मालाकार 'माली' | सहिदकी विधवा पत्नी | २०५८ | ५५३५२ | सरस्वती मालाकार, काठमाडौं |
| १८४. | प्रेमानन्द श्रेष्ठ | उपाधि | २०३६ | ७९५०२ | चन्द्रबहादुर श्रेष्ठ |
| १८५. | फटिक कटुवाल | अझै रात निक्कै छ | २०४५ | ३४३७१ | आन्दोलन प्रकाशन, काठमाडौं |
| १८६. | बखतबहादुर थापा | कुहिरो र काग | २०६१ | ६०९४८ | मध्यपश्चिमाअञ्चल समाज, |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | काठमाडौं |
| १८७. | बमप्रसाद श्रेष्ठ | रश्मी | २०३९ | ८७७०३ | कमल प्रकाशन,ललितपुर |
| १८८. | बि.पि. आचार्य | भञ्ज्याङहरू भित्र | २०५२ | १०८१४० | लेखक |
| १८९. | भक्तबहादुर नेपाली | छिमेकीको भूत | २०४७ | १०२९९६ | श्रृङ्खला प्रकाशन |
| १९०. | भीमचरण थापा | कल्पना | २०४८ | १०४९५७ | देवी थापा, विरगंज |
| १९१. | ,, | पर्खाल | २०४१ | ९११६९ | साझा प्रकाशन, काठमाडौं |
| १९२. | ,, | शारदा | २०४६ | ९९१५६ | साझा प्रकाशन, काठमाडौं |
| १९३. | भरत अर्याल | परिस्थिति | २०४० | ८७८३४ | भरत आर्यल धादिङ |
| १९४. | भरत जंगम | कालो सूर्य | २०३६ | ८०४२७ | ईन्दिरा जंगम |
| १९५. | ,, | व्युहचक्र | २०४१ | २६२३५ | ईन्दिरा जंगम |
| १९६. | भवानीप्रसाद पाण्डे | अमर वस्ती | २०५३ | ११०५३७ | शुभ प्रकाशन ,पोखरा |
| १९७. | भागीरथी श्रेष्ठ | यस्तो एउटा आकाश | २०४६ | ११०८९७ | ने.रा.प्र.प्र, काठमाडौं |
| १९८. | भारती खरेल | गंगा जमुना | २०४६ | ९८०५७ | दीपक खरेल, काठमाडौं |
| १९९. | ,, | कुमारी आमा | २०५१ | १०८७१७ | दीपक खरेल, काठमाडौं |
| २००. | ,, | एउटी आमाको कथा | २०४६ | ९८०५९ | दीपक खरेल, काठमाडौं |
| २०१. | ,, | लाहुरे | २०५२ | १०८१९० | दीपक खरेल, काठमाडौं |
| २०२. | भास्कर | अचम्मको फैसला | २०५६ | १२१३७१ | शुभ प्रकाशन, पोखरा |
| २०३. | ,, | वन्दी आवाज | २०४६ | ९८२६० | बिमल विनोद, काठमाडौं |
| २०४. | ,, | हाँडिको कनीका | २०४४ | ९५५०९ | विमल विनोद, काठमाडौं |
| २०५. | भीष्मभूषण सङ्ग्रौला | अध्यरी रात | | ४८३५२ | सरला संग्रौला, काठमाडौं |
| २०६. | भुमिनन्द देवकोटा | सतिसाल | २०६३ | १३०३८८ | आदि प्रकाशन, काठमाडौं |
| २०७. | भुसाल राई | लाहुरे | २०६९ | १०८९३९ | हेमा खालिङ, काठमाडौं |
| २०८. | भोगेन्द्र वस्नेत | अचानो | २०५२ | १०८९१६ | साझा प्रकाशन, काठमाडौं |
| २०९. | मदनकुमार श्रेष्ठ | पराजित | २०४२ | ९३९९८ | दैनिक धरातल, काठमाडौं |
| २१०. | मदन खत्री | प्रायश्चित | २०४१ | ९०८४८ | रत्न पुस्तक भण्डार, काठमाडौं |
| २११. | मदनमणि दीक्षित | माधवी | २०३९ | १०३८१० | साझा प्रकाशन, काठमाडौं |
| २१२. | ,, | मेरी निलिमा | २०५१ | १०६१०१ | साझा प्रकाशन, काठमाडौं |
| २१३. | मरसिगिमा | कुहिरा भित्र बाच्नेहरू | १९८१इ | ९६३१२ | संचार प्रकाशन |
| २१४. | महेश सैपुले | फांसिको कटघरा | २०४० | ३४६२० | साधना प्रकाशन |
| २१५. | महेश्वर शर्मा | उन्माद | २०५१ | ११५२०७ | राधा कुमारी शर्मा |
| २१६. | ,, | कालखण्ड | २०५१ | १०८२८२ | राधा कुमारी शर्मा |
| २१७. | ,, | देवघाट | २०५४ | ११५२१२ | राधा कुमारी शर्मा |
| २१८. | माया निरासी | ज्योतिको सपना | २०४५ | ९५९९८ | गोपाल सिङखडा |
| २१९. | ,, | पश्चातपको आशु | २०४९ | १०३९२८ | वि.आर आर्याल |
| २२०. | मित्रमणि पोखरेल | जर्नेलकी छोरी | २०५४ | १६७८४ | लेखक, काठमाडौं |
| २२१. | मित्रलाल पार्दे हिमाल | तड्पाइएका मनहरू | २०६३ | ६५१४२ | पदम प्रसाद भट्टराई, काठमाडौं |
| २२२. | मुकुन्दहरि ज्ञवाली | प्रतिक्षा | २०४४ | ४७४२६ | लेखक स्वयम |
| २२३. | मोहनबहादुर काँयस्थ | विवश जिन्दगी | २०४६ | ५९२२५ | श्रीमती निममाया कायस्थ ,काठमाडौं |
| २२४. | मोहनकुमार श्रेष्ठ | सानी आमाको | २०४२ | ९०९४२ | नेपाली साहित्य परिषद |

| | | | | | |
|---|---|---|---|---|---|
| | | छोरी | | | |
| २२५. | मोहनबहादुर मल्ल | बहादुर नजर | २०३६ | ११०७९० | ने.रा.प्र.प्र, काठमाडौं |
| २२६. | ,, | जेली | २०३९ | ४८७३० | ,, |
| २२७. | मोहनहरि बैद्य | प्रेम अमर हुन्छ | २०४३ | ९३४८६ | के. प्रधान, काठमाडौं |
| २२८. | मौनता | भुसमा चिप्लिएको राष्ट्रियता | २०६३ | १३१४५७ | गुराँस प्रकाशन, काठमाडौ |
| २२९. | यमप्रसाद शर्मा | रश्मि | २०३९ | ८७७१३ | कमल प्रकाशन, ललितपुर |
| २३०. | यादव थपलिया | मृत्यु चुम्वन | २०६२ | १२९६३३ | नाार्जुन साहित्यक प्रतिष्ठान |
| २३१. | यु कार्की | टल्कि रहने मोती | २०३९ | ९९०८७ | आन्दोलन प्रकासन, काठमाडौ |
| २३२. | ,, | सल्किरहने विश्वास | २०४१ | २६०५८ | आन्दोलन प्रकासन, काठमाडौ |
| २३३. | योगनाथ प्याकुरेल | बदला | २०५२ | १८५०३८ | प्याकुरेल प्रकाशन, काठमाडौं |
| २३४. | योगेश खरेल | कोपिला | २०४५ | ९६९८० | दीपक मेडिकल, गुल्मी |
| २३५. | युधिर थापा | यस्तो पो जीवन | २०४८ | १११२१८ | रत्न पुस्तक भण्डार |
| २३६ | ,, | यहाँ यस्तै यस्तै हुन्छ | २०४५ | ९७१७७ | रत्न पुस्तक भण्डार |
| २३७. | ,, | निधारका रेखाहरू | २०४५ | ९७१७३ | रत्न पुस्तक भण्डार |
| २३८. | ,, | एक फूल धेरै काँडा | २०४६ | १०१२०४ | रत्न पुस्तक भण्डार |
| २३९. | ,, | कसैको प्रतिक्षमा | २०४६ | १०१२१४ | रत्न पुस्तक भण्डार |
| २४०. | ,, | कसैको मिलन र कसैको विछोड | २०४२ | ९३५७२ | लेखक |
| २४१. | ,, | के थियो के भयो | २०४३ | ९३५७६ | पूर्ण बुक स्टल, काठमाडौं |
| २४२. | ,, | झरणाको मीठो पानी | २०४६ | १०११७८ | रत्न पुस्तक भण्डार |
| २४३. | ,, | पश्चाताप | २०४४ | १०११७२ | रत्न पुस्तक भण्डार |
| २४४. | ,, | मुटुको ढुकढुकी | २०४६ | १०१२११ | लेखक |
| २४५. | ,, | मुना | २०४५ | १०११८९ | ,, |
| २४६. | ,, | यो के हो यो जिन्दगी हो | २०४० | १०१२१६ | रत्न पुस्तक भण्डार |
| २४७. | ,, | रातो दरबार | २०४३ | ९७१७८ | रत्न पुस्तक भण्डार |
| २४८. | ,, | लुकेको समाज | २०४८ | १०११७५ | रत्न पुस्तक भण्डार |
| २४९. | ,, | सपना मिठो चाल अनौठो | २०४५ | १०११८५ | रत्न पुस्तक भण्डार |
| २५०. | ,, | हिजो यस्तो थियो आज यस्तो भयो | २०४६ | १०१२२३ | रत्न पुस्तक भण्डार |
| २५१. | ,, | दिदी मेनका | २०४१ | ९६३०४ | नेपाल बुक पब्लिकेसन सेन्टर |
| २५२. | युवराज सङ्ग्रौला | शिशिरमा फूलेको गुराँस | २०६४ | १३४२१० | दुर्गेश्वर संग्रौला |
| | रत्नकुमार पाण्डे | घुम्टोभित्र | २०५९ | ५७२९० | पुष्पलता आचार्य |
| २५३. | रमेश विकल | सागर उर्लन्छ सगरमाथाछुन | २०५२ | १११३१५ | साझा प्रकाशन, काठमाडौं |
| २५४. | ,, | अविरल बग्दछ इन्द्रावती | २०४० | ९०४०९ | ने.रा.प्र.प्र., काठमाडौं |
| २५५. | ,, | विक्रम र नौलो ग्रह | २०३९ | १०८७९५ | साझा प्रकाशन, काठमाडौं |

| | | | | | |
|---|---|---|---|---|---|
| २५६. | रमेश थापा | संकल्प | २०४३ | ९६३४० | शिवपुरी, काठमाडौं |
| २५७. | राजकुमार प्रधानाङ्ग | रातो वादल | २०४५ | ९६९९६ | राजकुमार धौगाडा, काठमाडौं |
| २५८. | राजकुमार श्रेष्ठ | सुधा | २०४४ | ९६००० | लेखक |
| २५९. | राजेन्द्रकुमार संग्रौला | गरिवीका रेखाहरू | २०५२ | १०८१७८ | नरायण प्रा.वि,तेह्रथुम |
| २६०. | ,, | तुबौलो भित्र | २०६३ | १३११०९ | दुर्गेश्वर संग्रौला |
| २६१. | ,, | रोजगारीको खोजीमा | २०५२ | १०८१७६ | दुर्गेश्वर संग्रौला |
| २६२. | राजकुमार श्रेष्ठ | समय हुरी र जीवन | २०५५ | १२१९०७ | आकाश परियार, ललितपुर |
| २६३. | राजेश्वर देवकोटा | आवर्तन | २०४१ | ९०३९३ | साझा प्रकाशन, ललितपुर |
| २६४. | ,, | पुर्वकथा | २०४३ | ११६८४२ | ,, |
| २६५. | ,, | उत्सर्ग प्रेम | २०४४ | ११६८६५ | जनकलाल शर्मा, काठमाडौं |
| २६६. | रामप्रसाद अर्याल | असन्तुलन | २०४३ | ९३९२० | मञ्जु अर्याल |
| २६७. | ,, | अभिसाप | २०४० | ९१७११ | लेखक |
| २६८. | रामप्रसाद दाहाल | दिप्ती | २०४९ | १०५७६४ | शिशाश प्रकाशन, काठमाडौं |
| २६९. | रामप्रसाद पन्त | विरानो वस्तीमा | २०४४ | ९४९५० | श्रीमती लक्ष्मी पन्त |
| २६८. | रामकृष्ण वान्तवा | खरानी | २०५३ | ४५३४४ | श्री सार्थक प्रकाशन, इटहरी |
| २६९. | रामचन्द्र पाखरेल | दिपरेखा | २०४० | १९८४५ | साझा प्रकाशन, ललितपुर |
| २७०. | रामप्रसाद ज्ञवाली | परिवर्तनको मोडमा | २०६१ | १३१७९४ | विवेक सिर्जनसिल प्रकाशन, काठमाडौं |
| २७१. | ,, | जीवनका घुम्तिहरू | २०५३ | ११०५१७ | सुनकोशी साहित्य प्रतिष्ठान, काठमाडौं |
| २७२. | रुकु कार्की | मधुरिम | २०६३ | १२९९०१ | राजेश कार्की, ललितपुर |
| २७३. | लक्ष्मण सिटौला | अपराजित युद्व | २०६३ | ६७२४४ | रामकृष्ण काठमाडौं |
| २७४. | लेखनाथ काफ्ले | सपना | २०४६ | ९८३१८ | लेखक स्वयम्, स्याङ्जा |
| २७५. | लेकनाथ मनेन | नसम्झ आज नेपाली | २०५७ | ६७८१० | समदान प्रकाशन, काठमाडौं |
| २७६. | ,, | सफिनाको खोजी | २०५२ | १०८४६१ | ,, |
| २७७. | लेकनाथ पोखरेल | झस्को | २०६३ | १३१७२२ | एसिया पब्लिकेसेन्स |
| २७८. | वसन्तकुमार मानन्धर | एक समस्या एक समाधान | २०३७ | ८९५९९ | जन प्रभात पुस्तकालय, काठमाडौं |
| २७९. | वसन्त | तीन कन्या | २०४० | ८८५४८ | जानुका पुस्तक भण्डार, विराटनगर |
| | ,, | सुनिरा | २०४० | १०११८९ | रत्न पुस्तक भण्डार, काठमाडौं |
| २८०. | ,, | मित्रता | २०४६ | ९३६५५ | ,, |
| २८१. | ,, | अझ एक तह माथि | २०४६ | १०१२०३ | रत्न पुस्तक भण्डार, काठमाडौं |
| २८२. | ,, | आगोदेखि पानीसम्म | २०४६ | १०११८७ | ,, |
| २८३. | ,, | त्यसै घुमेर गयो उमेर | २०४६ | १०११९१ | ,, |
| २८४. | ,, | बरालीएको मान्छे | २०४० | ८९३०८ | ,, |
| २८५. | वानिरा गिरि | निर्बन्ध | २०४२ | ४९४६३ | साझा प्रकाशन, काठमाडौं |

| | | | | | |
|---|---|---|---|---|---|
| २८६. | वाशु मार्मिक | नढाकिएको मन | २०४८ | ४४१४९ | वादे, ललितपुर |
| २८७. | वासु पासा | प्रताप मल्ल | २०५७ | १२२९३७ | पासा प्रकाशन, काठमाडौं |
| २८८. | वासु पौड्याल | मेरी पत्नी मेरी देवी | २०५७ | ५६८६८ | चन्द्रसूर्य सीप विकास संस्था, झापा |
| २८९. | वासु शशी | फूल ओलाए पछि | २०३६ | ४८७४७ | साझा प्रकाशन |
| २९०. | ,, | संसारमा सबभन्दा एक्लो जीवन | २०५२ | १०८१६० | रत्न पुस्तक भण्डार |
| २९१. | विजयकुमार चालिसे | अनि कुहिरो फाट्छ | २०३६ | १०९९८९ | ने. रा. प्र.प्र., काठमाडौं |
| २९२. | विजय मल्ल | कुमारी सोभा | २०३९ | ११०६५० | ने.रा.प्र.प्र., काठमाडौं |
| २९३. | विद्या बहादुर वज्राचार्य | भावना | २०६४ | ६८१४२ | बज्र शिक्षण सेवा |
| २९४. | विनय डंगोल | चोट विछोड | २०५१ | १०७०५३ | चक्रवहादुर डंगोल, नुवाकोट |
| २९५. | विनोदप्रसाद भट्टराई | लङ्केश्वर | २०५२ | ९७६३३९ | लेखक |
| २९६. | विनोदप्रसाद धिताल | योजन गन्धा | २०५२ | ११६८५४ | साझा प्रकाशन, ललितपुर |
| २९७. | विनोद भट्टराई | धर्म विनाको टापु | २०४६ | ८७५४९ | |
| २९८. | विष्णुराज शर्मा आत्रेय | हामी भित्रको म | २०३६ | ८०४८१ | साझा प्रकाशन, काठमाडौं |
| २९९. | विमलकुमार सुवेदी | खडेरी | २०५७ | ५५६०९ | रुद्रबहादुर थापा,ललितपुर |
| ३००. | ,, | रोसा | २०६१ | ६७१६३ | ,, |
| | विद्यासागर | म फेरी फर्कन्छु | २०४७ | १०२५९६ | मानव अधिकार संरक्षण मञ्च |
| ३०१. | विश्वेश्वर प्रसाद कोइराला | हिटलर र यहुदी | २०४१ | ९१५९१ | चेतना साहित्यिक प्रकाशन, काठमाडौं |
| ३०२. | ,, | बाबु आमा र छोरा | २०४५ | ४३०६९ | सुरुचि प्रकाशन |
| ३०३. | ,, | मोदि आइन | २०३६ | ११०९६ | क्षितिज प्रकाशन |
| ३०४. | विष्णुराज प्रदिप | नूतन पुरातन | २०४४ | ९५७७४ | धर्मराज अधिकारी, भक्तपुर |
| ३०५. | विश्व गोपाल लम्साल | कलङ्कीनी | २०४२ | ९५७९२ | जानुका पुस्तक भण्डार,विराटनगर |
| ३०६. | वेदव्यास उपाध्यय न्यौपाने | एल्बमका पानाहरू | २०४३ | ९४९२६ | साझा प्रकाशन, काठमाडौं |
| ३०७. | वेन्जु शर्मा | देहमुक्त | २१४४ | ९५२७१ | साझा |
| ३०८. | वोधराज रेग्मी | विदेशिनु पर्दा | २०६१ | १२५६३७ | पुनम रेग्मी, काठमाडौं |
| ३०९. | शङ्करकुमार श्रेष्ठ | दृष्टिकोण | २०४७ | ३७३५१ | गोपिनी श्रेष्ठ |
| ३१०. | शङ्कर कोईराला | अध्याराका हातहरू | २०४० | ८८५३९ | रत्न पुस्तक भण्डार, काठमाडौं |
| ३११. | ,, | भुस्याहा | २०४३ | ९३९२८ | लेखक |
| ३१२. | ,, | शीला | २०४७ | १०११९९ | रत्न पुस्तक भण्डार, काठमाडौं |
| ३१३. | शङ्कर भारती | अनुपम देवता | २०५३ | ११४३१७ | विद्यार्थी पुस्तक भण्डार, काठमाडौं |
| ३१४. | ,, | अर्को जुनीमा | २०४१ | ९२००७ | नेपाल वुक पव्लिकेशन सेन्टर काडमाडौ |
| ३१५. | ,, | प्रेम तपस्या | २०४६ | ९८१४० | ,, |
| ३१६. | शङ्कर बस्याल | वविता | २०६२ | ६४५०५ | नवलपरासी साहित्य परिषद |
| ३१७. | शरद निरौला | पुछेतारा | २०४९ | ९४२१८ | रत्न पुस्तक |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | भण्डार,काठमाडा |
| ३१८. | ,, | सुलसुले पस्दा | | ९३७५१ | रत्न पुस्तक भण्डार,काठमाडौं |
| ३१९. | शरद पौड्याल | लिखे | २०५९ | १२५४९९ | आत्म निर्भर विकाश मञ्च, काठमाडौं |
| ३२०. | शान्ता श्रेष्ठ | सङ्घर्ष भित्रका अनौठा पाईला | २०५८ | १२७५७५ | जनमत प्रकाशन |
| ३२१. | शान्ति पराजुली | सुमा | २०४८ | ३७२०३ | कञ्चन घिमिरे काठमाडौं |
| ३२२. | शारदा | एक धुन वाँसुरीको | २०४२ | ९२८३३ | रत्न पुस्तक भण्डार, काठमाडौं |
| ३२३. | शिव अधिकारी | आखेट | २०५३ | ११७२५३ | रत्न पुस्तक भन्डार, काठमाडौं |
| ३२४. | शिवकुमार राई | क्षितिज पारिमा | २०५१ | १०६७८२ | तारा राई, शान्ति राई, काठमाडौं |
| ३२५. | शिवभक्त शर्मा | रुपा | २०३९ | ८८५५१ | डोलाराज न्यौपाने पाल्पा |
| ३२६. | ,, | जलाइएका पानाहरू | २०३७ | ७९९९८ | रामप्रसाद बस्याल |
| ३२७. | शुभ श्रेष्ठ | अस्मिताको खोजी | २०५९ | १२५३४७ | नेपाली साहित्य मन्दिर |
| ३२८. | शुभाष देवकोटा | बलिदान | ,, | ९१९९८ | राम वहादुर डङ्गोल, काठमाडौं |
| ३२९. | शैलेन्द्र प्रकाश नेपाल | कामना | २०४१ | ९२४२६ | रत्न पुस्तक भण्डार, काठमाडौं |
| ३३०. | शैलेन्द्र साकार | अवतार विघटन | २०४५ | ९७१९९ | जनार्दन जोसी, काठमाडौं |
| ३३१. | शोभा भट्टराई | अन्त्यहीन अन्त्य | २०५८ | १२६६०७ | प्रतिभा प्रकाशन, काठमाडौं |
| ३३२. | ,, | पुश्चली | २०५६ | १२२२६७ | सुरुची प्रकाशन, काठमाडौं |
| ३३३. | श्यामकृष्ण खुसीमुली | धर्ती फाट्नु पर्छ | २०६२ | १२९६४१ | नागार्जुन साहित्य प्रतिष्ठान, काठमाडौं |
| ३३४. | श्री कुमार रायमाझी | अमर छायाँ | २०४९ | ४४२१९ | मन रायमाझी, काठमाडौं |
| ३३५. | श्रीधर खनाल | अनन्त यात्रा | २०५६ | १२१७८२ | कान्ता गौतम, काठमाडौ |
| ३३६. | श्रीधर पौड्याल | दुई ढुङ्गा बीचको तरुल | २०६४ | १३१४८३ | भकारी प्रकाशन, काठमाडौं |
| ३३७. | श्रीप्रसाद उपाध्याय | द्रव्य शाह | २०४५ | ९७६४८ | सरस्वती घिमिरे, काठमाडौं |
| ३३८. | संजय थापा | देउमाईको किनार | २०४७ | ९९०९७ | नवचेतना प्रकाशन, धादिङ |
| ३३९. | ,, | नओइलाउने फूल | २०४७ | १०१७८२ | पाठ्यसामाग्री, प्रकाशन |
| ३४०. | ,, | पूर्व तिर | २०४४ | ९५००५ | असीना प्रकाशन, |
| ३४१. | ,, | वुङ्लाका साँझहरू | २०४६ | ९७८४५ | मेची प्रकाशन |
| ३४२. | सन्जीव उप्रेती | घनचक्कर | २०६३ | १३१३६८ | काठमाडौ पब्लिकेशन नेपाल |
| ३४३. | ,, | कुहिरो र क्षितिज | २०६२ | ६७२२९ | मध्यपश्चिमाञ्चल साहित्य परिषद, काठमाडौं |
| ३४४. | ,, | परिदृश्य | २०६० | ६१८२८ | ,, |
| ३४५. | समिर शाह | कुहिरो र क्षितिज | २०६२ | ६७२९२२९ | मध्यपश्चिमाञ्चल साहित्य परिषद्, काठमाडौं |
| ३४६. | ,, | परिदृश्य | २०६० | ६११८२८ | ,, |
| ३४७. | सरुभक्त | पागल वस्ती | २०४८ | १२६३४८ | भारद्धाज प्रकाशन, काठमाडौं |
| ३४८. | ,, | तरुनी खेती | २०५३ | १११६९० | रत्न पुस्तक भन्डार, काठमाडौं |

| | | | | | |
|---|---|---|---|---|---|
| ३४९. | सरु विन्द | विसंगत वस्तीहरू | २०५१ | ११७६७४ | युवा साहित्य सदन |
